# प्रदेश सभा

## गण्डकी प्रदेश

## पाँचौ अधिवेशन

## (चौथो बैठक)

## कार्यवाहीको सम्पुर्ण विवरण

## मिति : २०७६/१०/०६ गते दिनको २.२९ बजे।

आज मिती २०७६/१०/०६ गते दिनको ठिक २ बजेर २९ मिनेटमा गण्डकी प्रदेश, प्रदेश सभाको पाँचौ अधिवेशनको चौथो बैठक माननीय सभामुख श्री नेत्रनाथ अधिकारी ज्यूको अध्यक्षतामा प्रारररम्भ भयो।

### माननीय सभामुख –

माननीय सदस्यहरु, आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ ।

शून्य समयमा बोल्न चाहानु हुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु।निर्धारित समय भित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु।

माननीय सदस्यहरु, शून्य समयमा बोल्न माननीयहरुको नाम प्राप्त नभएको हुनाले माननीय सदस्यहरुको बोल्ने क्रम यहीं समाप्त हुन्छ।माननीय सदस्यहरु, अब विशेष समय प्रारम्भ हुन्छ।निर्धारित समय भित्र माननीय सदस्यहरुले आ—आफ्नो स्थानबाट आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु।

सर्वप्रथम माननीय सदस्य श्री कृष्ण बहादुर थापा, समय १५ मिनेट ।

**माननीय सदस्य श्री कृष्ण बहादुर थापा** —माननीय सभामुख ज्यू, आज म यो सम्मानित सभामा हाम्रो मातृभूमि नेपालमा करिब करिब साठी वर्ष आफ्नो जीवन बिताईरहेका तर नागरिकको रुपमा होइन अनागरिकको रुपमा आफ्नो स्थिति भोगीरहेका नागरिकहरुको सत्य कथा यो सम्मानित सभामा राख्न चाहान्छु ।माननीय

सभामुख महोदय, सन् १९५९ मा चिनको एक प्रान्त तिब्बतमा बस्ने नागरिक जो त्यहाँको सरकार सँग सामाजिक, राजनैतिक तथा धार्मिक कुरामा विवादित भएर देश निकाला गरिएर तिनीहरु विभिन्न देशमा शरण लिन पुगे ।शरण लिने क्रममा नेपालमा पनि करिब बिस हजार तिब्बतियन नागरिकहरु नेपालमा प्रवेश गरेको पाइन्छ र सन १९४८ डिसेम्वर १० मा भएको मानव अधिकारको घोषणाको आधारमा शरणार्थीको लागी नेपालले अन्तराष्ट्रिय सम्झौता नगरे पनि जेन्टेलमेण्ट एग्रीमेण्ट भद्र सहमति अनुसार मानवलाई कुनै पनि पिडा दिनु हुदैन भन्ने उद्देश्यका साथ नेपालले सन १९५९ मा तिब्बती शरणार्थीलाई शरण दियो । त्यसै गरी सन १९६० मा नेपाल सरकारले आवासका लागि भूमि उपलब्ध गरायो र तिनीहरुलाई गास, वास, कपास शिक्षा र स्वास्थ्यको सुविधा यु.एन.एच.सि.आर. युनाईटेड नेसन हाइ कमिशन फर रिफ्युजिको पहलमा हुँदै आएको छ।आधारभूत आवश्यकता भन्दा बाहेक ती नागरिकहरु अन्य अधिकारबाट बञ्चित हुन परेको छ ।सभामुख महोदय, ती नागरिकहरु हाम्रो देश लगायत विभिन्न अन्य देशमा पनि शरणार्थीको रुपमा बसेका छन र ती देशहरुले उनीहरुलाई व्यवस्थित तरिकाले राखेर नागरिक हक अधिकार दिएको पाइन्छ ।हाम्रो देश भन्दा बाहेक ती शरणार्थीहरु अष्ट्रेलिया, फ्रान्स, ब्रिटेन,  क्यानडा, अमेरिका र भारतमा रहेका छन भने भारतले यी नागरिकहरुलाई शरणार्थी परिचय पत्र प्रदान गरेको छ । त्यसै गरी परिचय पत्र अनलाईनबाट नबिकरण गर्न पाइने सुबिधा छ र दश बर्ष सम्मको ट्राभल डकुमेण्ट दश वर्ष सम्मका लागि बैधानिक हुने गरी व्यवस्था गरेको छ ।यसै गरी अमेरिका, अष्ट्रेलिया, फ्रान्स र क्यानडाले शरणार्थीलाई श्रम स्वीकृति तत्काल दिन्छ भने आइडी कार्ड दिएको पाँच बर्ष पछि नागरिकता दिने व्यवस्था गरेको पाइन्छ ।सभामुख महोदय, तर हाम्रो देशमा यि नागरिकहरुको बारेमा कुनै सहमति वा कानूनी प्रकृयाद्वारा सम्बोधन सम्म पनि गरिएको छैन। राजनैतिक द्वन्द तथा सरकारको अस्थायित्व र लापारबाहीको कारणले यी नागरिकहरुको जिवन अन्योलमा छ।यी नागरिकहरुलाई तेस्रो दर्जाको नागरिकको रुपमा हेरिएको छ।त्यसैले यो समस्यालाई लिएर सम्बन्धित निकायलाइ गम्भिर रुपमा समस्याको रुपमा गर्नु पर्ने आवश्यक देखिन्छ ।सभामुख महोदय, म यो प्रदेशको एक सभासदको हैसियतले सभासदको पदिय दायित्व रहेको

र यो समस्यालाई सम्वोधन गर्नुपर्ने आवश्यकता मानेर यी नागरिकहरुको बारेमा केही अध्ययनहरु पनि गरिएको थियो र यी नागरिकहरुको संख्या कास्की जिल्लामा करिब पच्चीस सयको हाराहारीमा रहेको छ भने गण्डकी प्रदेशमा करिब तिन हजारको संख्यामा रहेको पाइन्छ । बिगत सन १९८९ भन्दा अगाडी परिचय पत्र पाएका शरणार्थीहरुले त्यस पछाडि परिचय पत्र सम्म प्राप्त गरेका छैनन। सन १९८९ भन्दा पछाडि दिएको पहिला दिएको परिचय पत्र नविकरण सम्म पनि गरिएको छैन।कुनै पनि देशमा शरण लिनु रहर नभै बाध्यता हो र हामी जिम्मेवार नागरिकहरुले त्यस्ता नागरिकहरुलाई सहयोग गर्नुपर्ने दायित्व पनि हो भन्ने मेरो बुझाई छ।जव यस समस्यालाई लिएर एक खालको अध्ययन र अबलोकन गरियो, उनीहरुका विभिन्न समस्याहरु पहिचान गर्ने अवसर पनि मिल्यो।एक खालको ती समस्याहरु के के देखिन्छन भने सभामुख महोदय, एक नागरिकता तथा परिचय पत्रको समस्या, दुई राज्यबाट सेवा सुविधा तथा अधिकारबाट बञ्चित हुने समस्या, तिन सामाजिक सुरक्षाको समस्या, चार बैंक एकाउण्ट खोल्न तथा सवारी साधन चलाउन बञ्चित, पाँच स्वरोजगार तथा बैदेशिक रोजगारका लागि समस्या, छ बालबालिकाहरु शिक्षामा निरुत्साहित, सात सातौं बर्ष देखि बस्दै आएपनि बर्षौं देखि बस्दै आएपनि राजनैतिक रुपमा भाग लिनबाट बञ्चित, आठ संचारका साधन तथा टेलिफोन प्रयोग गर्नको लागि समस्या, नौ कानून बमोजिम बच्चाको जन्म दर्ता गर्न समस्या, दश शिक्षामा गरिएको लगानी व्यर्थ, एघार दोस्रो दर्जाको नागरिकको रुपमा बाँच्नु पर्ने बाध्यता, बाह्र आफ्नो संस्कृति र संस्कारमा रम्न नपाउने अवस्था, तेह्र आदिवासी द्वारा हेपाई प्रबृत्तिमा प्रताडित हुनुपर्ने अवस्था यस्तो स्थिती देखिन्छ।सभामुख महोदय, त्यसैले यो समस्या सँधै नै रहिरहने हो भने समाजमा विभिन्न खालका बिकृतिहरु आईलाग्न सक्ने सम्भावनाहरु पनि धेरै देखिन्छ। जस्तै सामाजिक बिसंगति फैलिन सक्ने, युवाहरुको उर्जा शक्तिको क्षय, समाजमा जगन्य अपराध निम्तिन सक्ने, बेरोजगारीले गर्दा युवाहरु कुलतमा फस्न सक्ने, मानसिक बिचलन हुने, राष्ट्र प्रति सँधै सँधै नकारात्मक भावना उब्जन सक्ने। सभामुख महोदय, त्यसैले यि नागरिकहरुका लागि मानवीय मूल्य र मान्यताका आधारमा केही सहुलियत हाम्रो प्रदेश सरकारले गर्नुपर्छ भन्ने लाग्दछ।पछिल्लो एक अध्ययन

अनुसार एशियाका विभिन्न मुलुकबाट नेपालमा शरणार्थी बनाएर पठाउने मोटो रकम असुलेर नेपाल शरणार्थी बन्न पठाउने गिरोहको सक्रियता देखिन्छ।जसले गर्दा नेपालमा बिभिन्न खालका सामाजिक समस्याहरु सृजना भएकोले यसको नियन्त्रण गर्न स्थानीय, प्रदेश र संघीय सरकार सक्रिय हुन जरुरी छ।ती नागरिकहरुका लागि आवाजहरु तथा राज्यबाट अपेक्षा गरिएका कुराहरु केही जानकारी पनि हाम्रो यो सम्मानित सभामा राख्न चाहान्छु। सभामुख महोदय, नागरिकता तथा परिचय पत्रको उपलब्धता परिचय पत्र  बार्षिक नभै कम्तीमा पाँच बर्ष देखि दश बर्ष हुनुपर्ने तथा नविकरणको व्यवस्था, यी नागरिकहरुको बारेमा कानूनमा  सम्बोधन हुनुपर्ने अवस्था, सामाजिक सुरक्षाको व्यवस्था, राज्यबाट सेवा सुविधा र अधिकारको व्यवस्था र नेपालमा जन्मेका वा लगातार पन्ध्र वर्ष सम्म नेपाल बसिसकेका नागरिकहरुको हकमा हाम्रो संविधानमा नवाझिने गरि हाम्रो प्रदेश सरकारको तर्फबाट पनि यो क्षेत्रमा विशेषतः हाम्रो यो जिल्ला, हाम्रो प्रदेशको राजधानी र सिंगो प्रदेशमा नै यो समस्या एक खालको चुनौतीको रुपमा रहेको हुँदा यो सम्मानित सभा मार्फत सभामुख मार्फत सम्बन्धित मन्त्रालय सम्बन्धित निकायमा छिटो भन्दा छिटो यो समस्याको बारेमा ध्यान आकर्षण होस भन्ने म राख्न चाहान्छु ।हवस धन्यबाद, सभामुख महोदय ।

**माननीय सभामुख —**माननीय सदस्य श्री मेखलाल श्रेष्ठ, समय ५ मिनेट ।

**माननीय सदस्य श्री मेखलाल श्रेष्ठ** —सभामुख महोदय, आज हामी फेरि हिउँदे अधिवेशनको शुरुवाती चरणमा छौ।हामीले बर्खे अधिवेशनमा यो प्रदेशको विकास निर्माण  गर्नको लागि बिभिन्न बजेटहरु विनियोजन गर्यौ। त्यो बजेटहरु विनियोजन भएर सम्वन्धित निकाय, सम्वन्धित जिल्ला, सम्वन्धित ठाँउमा त्यो वजेटहरु विनियोजन त भयो तर अहिले सम्म ति वजेटहरु कार्यान्वयन गर्ने सिलसिलामा सरकारले अत्यन्त न्यून स्तरमा प्रगति गरेको देखिन आएको छ। हामीले लोकल लेवलको अफिसहरुमा सम्पर्क गर्दा प्रदेश सरकारबाट अहिले सम्म हामीलाई त्यसको कुनै पनि अख्तियारीहरु नआएको, कर्मचारीहरु नपठाइएका, रकमहरु पनि उपलब्ध नभएको भन्ने जस्ता उत्तरहरु बारम्बार आइरहेको हुनाले जुन प्रदेशका जनताहरु अब हाम्रो ठाँउमा विकासहरु आँउछ, योजनाहरु परिसकेको छ, योजना सिद्धिएपछि

हामीले उपभोग गर्न पाउँछौं भन्ने वेला आइसक्दा पनि ती ठाँउहरुमा त्यो वजेटहरु कार्यान्वयन गर्ने प्रक्रिया सम्म अगाडि नबढेको हुनाले सभामुख महोदय मार्फत त्यो ठाँउमा तत्काल यो बर्खे अधिवेशनमा विनियोजन भएको बजेटको तदारुकताका साथ कार्यान्वयन गर्न म यसै सदनमा सभामुख महोदय मार्फत गण्डकी प्रदेशलाई आग्रह र अनुरोध गर्न चाहान्छु र अर्को कुरा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम लागु भएको छ।स्वीकृत पनि भइसकेको छ।तर मैले आज मात्रै पनि स्याङ्जाबाट आँउदै गर्दा सिंचाईको अफिस हाम्रो स्याङजा जिल्लाको कार्यान्वयन गर्ने इकाइको रुपमा तोकिएको थियो र त्यसका कार्यालय प्रमुख सदस्य सचिवको रुपमा तोकिएको भएको हुनाले हामीले चारै जना प्रत्यक्ष माननीय र म एउटा समानुपातिक माननीय गएर हामीले समझदारी पूर्वक योजनाहरु छनौट गर्यौं तर अहिले पनि तपाइले किन कार्यान्वयन गर्न कोशिस गर्नु भएको छैन, तपाइले किन शुरु गर्नु भएको छैन भन्दा हामीलाई अहिले सम्म अख्तियारी सम्म आएको छैन। अख्तियारी नआइकन हामीले ठाँउ ठाँउमा गएर सर्वे त गर्नु भएको छ उहाँहरुले, कर्मचारी पठाउनु भएको छ, नाप नक्सा गर्नु भएको छ तर उहाँले संझौता नगरिकन कुनै पनि कार्यान्वयन हुदैन।हामीले दिगो विकास गर्नको लागि बैशाख भन्दा पहिला नै कार्यक्रमहरुलाई सम्पन्न गर्ने, हिलोमा नगर्ने, हतारमा नगर्ने भन्ने जुन यो सरकारको उद्देश्य थियो। आज माघ महिनाको पनि ६ गते भैसकेको छ, अहिले सम्म निर्वाचन क्षेत्र विकास कार्यक्रमको पैसा पनि अख्तियारी नपठाउने, अनि पछि हतार हतारमा काम गराउने, उपभोक्ता समितिहरुले काम गरेन भनेर पोहोर साल जस्तै त्यो रकमहरु फ्रिज हुने त होईन भन्ने एउटा जनगुनासो र हामीलाई पनि त्यस कुराको एउटा झगझगाएको हुनाले मैले आजको मितिदेखि ती बजेटमा विनियोजन भएका रकम होस वा निर्वाचन क्षेत्र विकास पुर्वाधार बिकास कार्यक्रम अन्तर्गत बिनियोजन भएका रकमहरुको अख्तियारी, निकासा र कार्यान्वयन गर्ने दिशामा प्रदेश सरकार तदारुकताका साथ अगाडि बढोस भन्ने कामना गर्दछु।सभामुख महोदय, हामीले शुरुदेखि नै प्रदेशलाई एउटा सक्षम प्रदेश, राम्रो प्रदेश र हाम्रो प्रदेश बनाउने जुन एउटा उद्देश्यका साथ अगाडि बढेका थियौं तर आज सम्मन दुई बर्ष हुन हुन लाग्यो यो फागुन महिनामा हामीले दुई बर्ष पुग्छ होला अहिले सम्म जुन सरकारले गति लिएर यहाँको भ्रष्टाचार

होस, यहाँको बिकास निर्माण होस या अरु कुराहरु अगाडि बढाउनु पर्ने अहिले सम्म भएको छैन। त्यसलाई पनि प्रदेश सरकारले तदारुकताका साथ काम गरोस र केन्द्रीय सरकारलाई सभामुख महोदय मार्फत भ्रष्टाचारका धेरै प्याकेजहरु आए हुँदा हुँदै प्रधानमन्त्री स्वयं संलग्न भएर यति भन्ने संस्थालाई यो सेक्युरिटि प्रिन्टीङ् प्रेस जुन एउटा खरिद प्रकरण फेरि अहिले नयाँ एउटा प्याकेज आएको छ।के यो नेपालमा प्याकेजै प्याकेजमा भ्रष्टाचार हुने हो कि यसलाई पनि हामीले हाम्रो प्रदेश मार्फत खवरदार गर्दै नजाने हो भने हाम्रो प्रदेशमा पनि केन्द्रको रोगहरु सल्किदै जाने र हाम्रो प्रदेशमा पनी फेरि प्याकेज कार्यक्रमहरु आउने सम्भावनाहरु बढने हो कि भन्ने कता कता लागेको हुनाले सभामुख महोदय मार्फत केन्द्रमा जो एउटा अत्यन्त तल आएर भ्रष्टाचारका कुराहरु आइरहेका छन, त्यसलाई प्रष्टिकरण दिन जरुरी नहुँदा नहुँदै पनि नभएको भए चुपचाप लागेर बसेको भए हुन्थ्यो। प्रत्येक संस्था संस्थाबाट त्यसको स्पष्टिकरण आएको हुनाले भ्रष्टाचार भएको हो कि भन्ने लाग्दछ, सभामुख महोदय मार्फत यस्ता कुराहरु निरुत्साहित हुनु पर्दछ भन्ने माग गर्दै बिदा हुन्छु धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख** —माननीय सदस्य श्री खिम बिक्रम शाही। समय ५ मिनेट।

**माननीय सदस्य श्री खिम बिक्रम शाही** —सम्मानीय सभामुख ज्यू, मेरा भनाईका सन्दर्भहरु बाग्लुङ जिल्लाको पनि पश्चिम भेगका छन।म यसलाई बुँदागत रुपमा सरसरती मेरो भनाइहरु भन्न गैरहेको छु।नं १मा मोहबिर सिंचाई सम्वन्धमा, यस्ता सिंचाईहरु अरु ठाँउमा पनि हामी देखेका छौं।निसिखोला गाँउपालिका वडानं ३मा निर्माणाधिन अवस्थामा रहेको करिब सय हेक्टर जमिन सिंचित हुने मोहबिर सिंचाई आयोजना। तिन वटै तहको निर्वाचन भए यता निर्माण कार्य ठप्प भएको छ।बार्षिक विकास कार्यक्रम बुकमा रु. आठ लाख छयालिस हजार विनियोजन गरिएको पनि देखिन्छ, सम्वन्धित कार्यालयमा बुझ्दा आफूहरुले अख्तियारी नपाएको बताउँछन र केन्द्रबाट प्रदेशमा हस्तान्तरण भएको पनि देखिन्छ। त्यसकारण प्रदेश सरकारले यस आयोजनालाई समयमै सम्पन्न गर्न पहल गरोस म अनुरोध गर्छु।दुई सालझण्डि ढोरपाटन सडक सम्बन्धमा, बाग्लुङ जिल्लाको निसिखोला गाँउपालिका वडानं ७ राजकुत देखि ढोरपाटनको पनि ढोरपाटन सम्म कंही कतै यो सडकले

काम गरेको देखिन्न त्यसैमा पनि हाम्रो प्रदेश सरकारको ध्यान जाओस मेरो अनुरोध छ। नम्वर ३ हुल्दी भन्ने गाउँको सम्बन्धमा निसिखोला गाँउपालिका वडा नं १मा पर्ने करिब १५० घर भएको हुल्दी भन्ने गाउँ बर्षौ देखि बर्षाको पहिरोले करिब पचास घर विस्थापित भैसकेको र अन्य बस्तीका घरहरु समेत जोखिममा परेको हुनाले ती बस्तीहरुलाइ अर्को स्थानमा बसाई व्यवस्था मिलाउनको लागि म अनुरोध गर्छु। सम्मानानिय सभामुख ज्यू, ४नम्वर, छालहाल्न बस्ती सम्वन्धमाः ढोरपाटन नगरपालिका वडानं ६ मा अवस्थित छाल हाल्नका ३२ घर र सैखोला खानी, चामेद्वार समेत ७६ घर गाडि खोला अन्तर्गत पर्छ। २०७२ सालको श्रावणको बाढिले बगाँउदा ती पिडित व्यक्तिहरु अस्थायी वास गरी बस्न बाध्य भएका छन। त्यसकारण ती स्थानहरुमा राम्रो तटवन्धको व्यवस्था मिलाइ पुनः खेती गर्ने र बस्ती बसाउने व्यवस्था मिलाउन प्रदेश सरकारलाई म अनुरोध गर्दछु। पाँच बुर्तिबाङ प्राथामिक स्वास्थ्य केन्द्र सम्बन्धमा ढोरपाटन नगरपालिका अन्तर्गत रहेको यस स्वास्थ्य केन्द्रमा हाल कार्यरत डाक्टरहरु करारमा मात्र छन। ती करारमा भएका डाक्टरहरुको करारको म्याद पनि सकिदै छ त्यसकारण त्यो ठाँउमा अर्को व्यवस्था नभएसम्म हाम्रा जनताहरु अझै पिडित हुनेछन। अर्को कुरा करिव दुई महिनादेखि बिग्रेको डिजिटल एक्सरे मेशिन हालसम्म त्यहाँ उपलब्ध नभएको हुनाले दुर्घटनामा परेका बिरामीहरुले सास्ती खेप्न परिरहेको छ साथै त्यो स्वास्थ्य केन्द्रमा बुर्तिवाङको मात्र नभएर निसिखोला गाँउपालिका, ढोरपाटन नगरपालिका, तमानखोला गाँउपालिका र बडिगाढ गाँउपालिकाका बिरामीहरु त्यो केन्द्रमा जाने भएको हुनाले औषधीको पनि अभाव भएको जानकारी गराउँदै मेरो भनाई अन्त्य गर्छु। धन्यवाद ।

**माननीय सभामुख** —माननीय सदस्य, श्री हरिशरण आचार्य, समय ५ मिनेट ।

**माननीय सदस्य श्री हरिशरण आचार्य** —माननीय सभामुख ज्यू, डुम्रेबाट बेसीशहर जोडने सडक, त्यो बिचको खण्ड अहिले सडकको लगभग निशानी मात्रै बाँकी रहने परिस्थितीमा गुज्रिराखेको छ। मैले सुनिराखेको छ, आज त्यो सडक त्यसलाई चौडा बनाएर संघ सरकारले काम गर्दैछ भन्ने कुरा सुनेको छु। त्यो टेण्डर कहिले हुन्छ, कसरी काम गरिन्छ, त्यो थाहा छैन तर अब फेरि अर्को बर्खा लाग्ने बेला भैसक्यो त्यो काम अहिले सम्म त्यो प्रकृया पनि अगाडी नबढेको त्यो सडकको

त्यो बिजोक त्यो परिस्थिति हेर्दा खेरि साँच्चै त्यो डुम्रे बेसीशहरको त्यहाँको सबै गाडीहरु अहिले पनी बाटो एक साँघुरो छ अर्को त्यहाँ सदैव सडकको निशानी मात्रै बाँकी छ। त्यस्तो स्थितिमा बेसीशहर र डुम्रे जुन मुख्य सदरमुकाम लमजुङको बेसीशहर जुन सदरमुकाम जोडने सडक छ मुख्य सडक आज त्यो स्थितिमा हुँदा खेरि मुख्यमन्त्रीको जिल्ला, सत्ता पक्षका प्रमुख सचेतकको जिल्ला र विशेष गरी सायद सत्ता पक्षलाई अझ विशेष यसले पक्कै छुनेछ। मैले प्रदेश सरकारसँग विशेष आग्रह गर्न चाहान्छु र यो आज त्यो विजोक, त्यो परिस्थितिबाट फेरि छिट्टै काम शुरु होस मैले कामना गर्न चाहान्छु।दोस्रो कुरा मैले धेरै अगाडि देखि सुनेको थिएँ। आज पोखरा र लेखनाथलाइ जोडने बिजयपुर खोलामा आर्क ब्रिज बनाएर हामी मोडल काम गर्दैछौं।आज पुरानो भैराखेको पुल पनि भत्किएर जुन फेरि पुन निर्माण गर्नुपर्ने जुन परिस्थितिमा छ। त्यसको अर्को वैकल्पिक पुल तत्काल बनाइयो तर त्यो आर्क ब्रिजको सपना कता हरायो र पोखरालाई पर्यटकीय नगरी बनाउने र त्यसको गेटलाइ सुन्दरताको एउटा नमुना दिने जुन सपना छ। त्यो सपना सपनामै छ कि यथार्थमा बदलिने हो, म प्रदेश सरकार सँग सभामुख मार्फत कोईश्चन गर्न चाहान्छु।धन्यबाद ।

**माननीय सभामुख** —माननीय सदस्य, मन कुमारी गुरुङ, समय ५ मिनेट ।

**माननीय सदस्य मन कुमारी गुरुङ** —माननीय सभामुख महोदय, म तिन वटा कुरा छोटकरीमा राख्न चाहान्छु र गोर्खा जिल्लामा यो बर्षाको कारण र गएको चार पाँच दिन बाट यता माथि गोर्खा जिल्लाको उत्तरी बेल्टमा एकदमै हिमपात बढेको छ र त्यो हिंउले गर्दा खेरि त्यहाँ गएका पर्यटकहरु र पैदल यात्रीहरु एकदमै अस्त व्यस्त भै राखेको अवस्था छ।बाटो कता हो अन्योल भैराखेको अवस्था छ। त्यसैकारणले त्यसको लागि हाम्रो यो प्रदेश सरकारले के गर्न सकिन्छ, म सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहान्छु।त्यो तत्काल समस्या समाधान होस। त्यहाँ एकदम स्थानीयवासी र पर्यटकहरुलाई एकदमै अप्ठयारो अवस्था सृजना भएको छ र दुई नंम्वरमा जति पनि प्रदेशले दिएका योजनाहरु अलपत्र परेको अवस्थामा छ र त्यहाँ रेस्पोन्स गर्ने कोही पनि छैन र त्यहाँका स्थानीय जनप्रतिनिधिहरु र जनताहरुले के कुरा उठाउने गरेको छ भने यो प्रदेशबाट हालेको योजनाहरु हामीलाई केही पनि

सरोकार भएन हामीलाइ थाहा पनि भएन, कतिपय कुराहरु उपभोक्ता समिति गठन गर्दा पनि डाइरेक्ट गर्ने र कतिपय ठाउँमा कुन योजना परेको छ भन्ने पनि हामीलाई सूचना पनि नहुने थाहा नहुने र हामीलाई त्यस्तो केही भुमिका पनि दिएन र हामीलाई थाहा पनि नपाउने अवस्था भयो भन्ने धेरै गुनासो आएको छ। हैन त्यहीकारणले मेरो अनुरोध के हो भने जिल्ला समन्वय समितिलाई पनि थोरै भुमिका दिएर प्रदेश सरकारले अहिले जिल्ला समन्वय समिति भुमिका बिहिन रहेको छ र त्यो रेस्पोन्स लिनको लागि जिल्ला समन्वय समितिले गरोस र यो प्रदेश सरकारले केही भुमिका दीओस र त्यो प्रदेशबाट हालेको योजना अलपत्रमा नपरोस भन्न म सभामुख मार्फत प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु, ध्यानाकर्षण गराउन चाहान्छु र तेस्रो कुरा यो सूचना प्रविधि विधेयक जुन केन्द्रमा एउटा सदनमा प्रस्ताव भएको छ। यो के भने तत्काल फिर्ता होस यो अर्कै बनाएर निर्माण गरेर आएको छ। जुन चाहि अहिले बनाएर आएको छ ।प्रेस स्वतन्त्रताको कुरा पनि छ र जति पनि हाम्रो नेपाली जनताले धेरै बर्षको योगदान अनुसार बलिदानको कारण सबै जनताले परिकल्पना गरेको व्यवस्था अनुसार सबै जनताले हामीले सबै जनताको अधिकार प्राप्त गरेको छ भनिराखेको अवस्थामा लोकतन्त्र आएको छ भनेको अवस्थामा एक्कासी त्यो सूचना प्रविधि विधेयकले नेपाली जनताको अधिकार माथि कुण्ठित गरेको छ र प्रेस स्वतन्त्रता माथी प्रश्न उठेको छ। त्यसकारणले त्यो फिर्ता गरेर अर्कै सरोकारवाला व्यक्तिहरु राखेर पत्रकारहरलाई राखेर फेरि अर्कै बनाएर सदनमा ल्याईयोस भनेर म प्रदेश सरकार मार्फत केन्द्रीय सरकारलाई मेरो आवाज पुगोस यो सबै जनताको आवाज हो ।यो नेपाली जनताहरुको आवाज हो जसले गर्दा खेरि देश दुर्घटनामा नजाओस र संघीयता फेल खानु भनेको सबै दलहरु फेल खानु हो। त्यहीकारणले नेपाली जनताले जतिपनि पाएको अधिकारहरुलाई एउटा अधिनायकबाद तर्फ नजाओस, एउटा कुण्ठित नहोस प्रेस माथि त्यस्तो नहोस भन्न चाहान्छु। जुन त्यो विधेयक छ त्यसले धेरै असर गर्छ। एउटा साधारण जनताले एउटा राजनैतिक व्यक्तिहरुलाई थोरै गाली गरेको अवस्थामा पनि उसले जरिवाना व्यहोरनु पर्ने, जेल जानु पर्ने भनेको यो एकदमै नराम्रो कुरा हो। जुन यो पाँच बर्ष जेल र पन्ध्र लाखको कुरा उठेको छ र त्यसकारण म यो बिषयलाई एकदम जोडदारका साथ यहाँ

उठाउन चाहान्छु र सभामुख मार्फत त्यहाँ पुगोस भन्न चाहान्छु। यो एकदमै दुर्घटना हुन्छ र त्यसकारणले यसमा सबै दलहरु सचेत हुन आवश्यक छ र यो जनताले जति पनि पाएको अधिकार हनन नहोस भन्न चाहान्छु र यति कुरा सभामुख मार्फत फेरि पनि एकदम जोडदारका साथ फिर्ता होस र सरोकारवाला व्यक्तिहरुलाई राखेर फेरि अर्को विधेयक सदनमा प्रस्तुत होस भन्ने माग राख्न चाहान्छु, हवस त धन्यवाद ।

**माननीय सभामुख** —माननीय सदस्य श्री सरिता गुरुङ, समय ५ मिनेट ।

**माननीय सदस्य श्री सरिता गुरुङ** —माननीय सभामुख ज्यू, आधा धर्ति ढाकेको महिलाहरु र महिला तथा बालबालिका कार्यालय यो नेपालमा २०३८ साल देखि संचालन हुँदै आईराखेको थियो। देशको राजनैतिक परिवर्तन संगसंगै पुर्नसंरचना भैसकेपछि अहिले यो महिला तथा बालबालिका कार्यालय प्रत्येक जिल्लामा रहन्थ्यो भने अहिले नगरपालिका तथा गाँउपालिकामा समावेश हुन पुगेको छ र नगर तथा गाँउपालिकामा पुगिसकेपछि चाहे त्यो बजेटको कारणले हो कि सबै पालिकाले पुर्वाधार विकासलाई बढी ध्यान दिएर हो कि महिलाको कार्यक्रम भएर कम ध्यान दिएको हो। त्यो अहिले छाँयामा परिराखेको छ। किनभने महिलाहरुलाई त्यो महिला तथा बालबालिका कार्यालय मार्फत महिलाहरुको नेतृत्व, क्षमता र बिकास गर्नको संगसंगै त्यहाँ धेरै आयआर्जनका कुराहरु हुन्थे र सिप बिकासको कुरा आर्थिक सम्वृद्धिको काम कुरा हुन्थ्यो र अहिले त्यो बिभिन्न महिलाहरुको नेटवर्किङ, महिलाहरुको समुह सबै अलपत्र यता उता लथालिङ्ग भएर गएको छ र यी संरचनाहरु भताङभुतुङ हुँदा खेरि महिलाहरु आँफै पनि एउटा अलमलको अवस्थामा पुगिराखेको छ। त्यसैले म माननीय सभामुख मार्फत यो महिला तथा बालबालिका कार्यालय प्रदेशको मातहतमा रहने गरी प्रत्येक जिल्लामा महिला तथा बालबालिका कार्यालय पुन स्थापना गर्न पर्छ भन्ने कुरा सभामुख मार्फत अनुरोध गर्न चाहान्छु। सँगसँगै आज एउटा अनौठो अथवा रोचक लाग्दो के छ भने त्यो महिला तथा बालबालिका कार्यालयमा कार्यरत कर्मचारीहरु त्यो अधिकृत लेवलको वरिष्ठ अधिकृत लेवलको जे सुकै होस चाहे त्यो क्षमतावान होस, जतिसुकै दक्षता होस त्यो महिलालाइ भएर निषेध गरिएको हो कि के हो महिला तथा बालबालिका कार्यालयमा काम गर्ने अधिकृतहरु उपसचिव सम्म वढुवा हुन पाउने त्यो भन्दा माथी त्यो महिला

जतिसुकै क्षमतावान होस र योग्यता होस तर त्यो महिला सचिव अथवा मुख्य सचिव हुन नपाउने यो एउटा निषेध गरिएको छ।यो हामीलाई एउटा अलमलको अवस्था छ।यो कतै महिला भएर गरिएको हो यदि हो भने मानव अधिकार हनन भएको कुरा यो पक्कै पनि सावित हुने छ। यी कुराहरु सचियोस भन्ने म नेपाल सरकार सँगै प्रदेश सरकारलाई माननीय सभामुख मार्फत अनुरोध गर्न चाहान्छु। धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख** —माननीय सदस्यहरु, विशेष समयमा वोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ।माननीय सदस्यहरु, अव म माननीय उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री श्री विकास लम्साललाई मिति २०७६ साल माघ ५ गते सभामा प्रस्तुत भएको वातावरण संरक्षण गर्न वनेको विधेयक माथि विचार गरियोस भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्साल** —माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ माघ ५ गते प्रस्तुत भएको वातावरण संरक्षण गर्न बनेको बिधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम बिधेयक माथि विचार गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद ।

**माननीय सभामुख** —अब म उक्त प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस।यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस। हुन्न भन्ने आवाज सुनिएन तसर्थ वातावरण संरक्षण गर्न बनेको बिधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृती भएको घोषणा गर्दछु।माननीय सदस्यहरु, अव वातावरण संरक्षण गर्न बनेको बिधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ। यस छलफलमा बिधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु।छलफलमा भाग लिने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु।निर्धारित समय भित्र आफ्नो भनाई राख्नुहुन

अनुरोध गर्दछु।सर्वप्रथम माननीय सदस्य श्री धनन्जय दवाडी लाइ छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री धनन्जय दवाडी —**सभामुख महोदय, हामी वातावरण संरक्षण गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलका निमित्त म यहाँ उपस्थित भएको छु।

गण्डकी प्रदेश सरकार मार्फत प्रस्तुत यो विधेयकले नेपालको संविधानको मौलिक हकको धारा ३०मा स्वच्छ वातावरण भएको व्यवस्था गरेको कुरालाई प्रतिनिधित्व गर्दछ।उपधारा १ ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा वाँच्न पाउने अधिकारको हकको व्यवस्था गरेको छ।उपधारा २ मा वातावरणीय प्रदुषणको क्षतिपूर्तिको व्यवस्था गरेको छ।उपधारा ३ ले वातावरण र विकास विचको सन्तुलनको व्यवस्था गरेको छ।यो चिजलाई व्यवस्थित गर्नका निमित्त यो प्रदेशमा आवश्यक हुने गरेर यो वातावरण संरक्षण विधेयक यहाँ प्रस्तुत भएको छ।जसले यो प्रदेशको प्रतिनिधित्व गर्दछ।यो प्रदेशको तस्विर अरु प्रदेश भन्दा अलि भिन्न र फरक पनि देखिन्छ।नेपालमा सबैभन्दा धेरै संरक्षित क्षेत्र भएको प्रदेश गण्डकी प्रदेश हो।यहाँ छ वटा संरक्षित पार्कहरु छन।विश्व शान्ति जैविक विविधता पार्क, पञ्चासे संरक्षित वन, अन्नपुर्ण संरक्षित क्षेत्र, मनास्लु संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्ष, चितवन राष्ट्रिय निकुञ्जको नवलपुर खण्ड। यसो गरेर नेपालका अरु प्रदेश भन्दा यो प्रदेश आरक्षण र संरक्षित क्षेत्रका निमित्त सम्वृद्ध छ।यति मात्र नभएर यो जैविक विविधताको हिसाबले पनि सम्पन्न र अग्र स्थानमा रहेको प्रदेश यो प्रदेश हो। यसकारणले विभिन्न प्रजातिहरु झण्डै एकसय अठतीस वटा नवलपुरमा मात्रै वनस्पतिका प्रजातिहरु छन।एकसय पाँचवटा प्रजातिका वन्यजन्तुहरु हामीसँग छन, एकसय सात प्रजातिका जडिवुटिहरु छन।पाँचसय पैंचालिस प्रजातिका पंक्षीहरु छन सतचालिस प्रजातिका सरिसृप छन र छब्बिस प्रजातिका माछा अहिले सम्म यो प्रदेशमा छन भनेर हामीले गर्व गरिरहेका छौं ।तालहरुको व्यवस्था यहाँ छ। मनाङ, मुस्ताङ र कास्कीमा तालहरु छन। जलवायु अनुकुल विकास गर्नका निमित्त विकासको वातावरणमा वातावरणीय प्रभाव मुल्याङ्कन गर्नका निमित्त पनि यो विधेयकको व्यवस्था गरिएको छ। त्यसकारणले यो वातावरणको अध्ययन,

वातावरणको संरक्षण र वातावरणले हाम्रो जिवनको पद्धति र शैलीसँग जोडने परम्परा हाम्रो देशमा, विश्वमा १९७६ बाट हामीले प्रारभ्म गर्यौं। त्यहाबाट विश्व वातावरण दिवश मनाँउदै आएका छौं विश्वमा भने। नेपालले जलवायु परिवर्तन सम्वन्धी महासन्धिको अनुमोदन २०५० मा गरेको छ।यसकारणले यो सन्दर्भबाट हामी आएका छौं र हाम्रा निमित्त गण्डकी प्रदेशले वातावरणलाई दिगो विकासका निमित्त गण्डकी प्रदेशको सम्वृद्धिको एउटा संवाहकका हिसावले स्वीकार गरी सम्वृद्धिको संवाहकको रुपमा गण्डकी प्रदेशले स्वीकार गरिरहँदा पर्यटन, कृषि र उर्जा क्षेत्र पर्दछन।कृषि, पर्यटन र उर्जा क्षेत्र नै वातावरण क्षेत्र सँग अन्योन्याश्रित हिसावले जोडिएका छन। यसका निमित्त सहयोगी क्षेत्र पनि गण्डकी प्रदेश सरकारले तय गरेको छ।उसको सहयोगी क्षेत्र भनेको प्रकृतिक सौन्दर्य र जैविक विविधता हो। यो प्राकृतिक सौन्दर्य र जैविक विविधताको संरक्षण गर्नुपर्ने, जोगाउनु पर्ने र यसको सम्वर्द्धन गर्नु पर्ने दायित्व पर्ने भएको कारणले गर्दा यसको विकासका निमित्त नयाँ विकासका कामहरु गर्नका निमित्त वातावरणीय अनुकूलनता प्राप्त गर्नका लागि पनि यो विधेयकले प्रतिनिधित्व गर्दछ। यो विधेयकले त्यो क्षेत्रमा सम्वोधन गर्दछ।हामीले विश्वमा १९८३ वाट संयुक्त राष्ट्र संघ मार्फत विकास र वातावरणका आयोगहरु वनाएर कामलाई प्रारम्भ गर्यौं। सन १९९२ मा रियो दि जेनेरियोको सम्मेलन पछि पृथ्वीको उपयोगको नारालाई अगाडि सार्यौं। यो सवै वातावरण सँग जोडिएको संरक्षण सँग जोडिएको हाम्रो ऐतिहासिकता थियो भने नेपालको सन्दर्भमा पाँचौ पञ्च बर्षिय योजना सन १९८५-१९९० पाँचौ पञ्चवर्षिय योजनामा वातावरण संरक्षणमा जोड दिने प्रारम्भ गरेका थियौ।यसकारणले यो सन्दर्भबाट जोडिएर विकास आयोजनाहरुमा वातावरण संरक्षणको पक्षलाई ध्यान दिने परम्परा क्रमशः हामीले विकास गर्दे आएका थियौ।त्यसकारणले २०५३ सालमा वातावरण संरक्षण ऐन बनायो। २०५४ सालमा नियमावली जारी गरेको थियो भने २०७६ मा वातावरण संरक्षण ऐन हामीले जारी गरिसकेका छौ। यसको सवै सन्दर्भका आधारमा गण्डकी प्रदेशमा यो विधेयक प्रस्तुत भएको छ। यो प्रस्तुत विधेयकका आधारमा हामी यसको विकास, यसको सम्बृद्धि प्राप्त गर्न मुलतः विधेयकले दुईवटा पक्षलाई जोड दिएको छ।एउटा प्रदेशको वातावरण संरक्षण कोष निर्माण गर्ने जसले वातावरणको संरक्षण

गरेर हामीले गरेका भौतिक विकासका सन्दर्भमा वातावरण मैत्री कसरी वनाउन सकिन्छ भन्ने क्षेत्रमा ध्यान पुर्याएको छ भने अर्को प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषदको परिकल्पना गरेको छ।जसको आधारमा यो क्षेत्रको संरक्षित विकासका निमित्त मूलतः जलवायु परिवर्तन सँग जोडिएको वन्यजन्तु संग जोडिएको र आरक्षित संरक्षित क्षेत्रसँग जोडिएको विकासलाई अगाडि लैजाने कुरालाई यो व्यवस्थाले काम गर्न कार्यान्वयन गराउन सहयोग पुर्याउँछ। हामीले यो प्रदेशमा जलविद्युतका धेरै विकास गरेका छौं। ठुला खालका मेघा प्रोजेक्ट गर्दा खेरि वातावरण प्रभाव मुल्याङ्कन गर्न जरुरी छ किनभने हामी सँग वातावरण प्राकृतिक प्रदत्त वातावरण र हामीले निर्माण गरेको वातावरण दुईवटा वातावरण छन। प्राकृतिक प्रदत्त वातावरण हामीले जोगाउनु पर्छ। हाम्रो मानव समाजको विकासको कल्याणको खातिर उपयोग गर्नु पर्दछ।आज जसरी हामीले अन्धा धुन्द हिसावले डोजरको विकास गरिराछौ। त्यसले हाम्रो वातावरणमा खलल पुर्याएको छ। मानव सभ्यताको विकासको सन्दर्भमा, मानवले आर्जन गरेका सन्दर्भमा हामीले वनाएका सामाजिक मुल्य मान्यता र वातावरणको सन्दर्भ हामी परिवर्तन गर्न सकौंला, व्यवस्थित गर्न सकौंला, फरक गर्न सकौंला तर प्रकृतिले जे चिज हामीलाई प्रदान गरेको थियो। त्यो चिजलाई जोगाउने दायित्व सँग यो संरक्षित विधेयक हाम्रा विच आईपुगेको छ। यसलाई हामीले यो प्रदेशको विकासको मेरुदण्डको विकासमा सहयोग गर्ने महत्वपूर्ण कडिका हिसावले यो विधेयकलाई हामीले बुझ्नु पर्दछ,हेर्नु पर्दछ भन्ने ठान्दछु।यसरी चाँही यो विधेयकले हामीलाई यो हाम्रो जन्मभूमि, जन्मथलोमा हामीले प्राप्त गरेको जल, जमिन, जिवजन्तु,जैविक विविधताको विकास, संरक्षण र सम्बर्द्धन गर्ने दायित्व हाम्रा बिचमा छ। आज हामी जो यो समाजमा छौं धर्तिमा छौं हामीले यो काम पुरा गर्नु पर्दछ। यो पुरा गर्नका निमित्त कानून बनाएर यसलाई व्यवस्थित गरिएन भने पछिल्लो पुस्तालाई हामीले सुन्दर, सभ्य र सम्वृद्ध गण्डकी प्रदेश हस्तान्तरण गर्न सक्दैनौं। पछिल्लो पुस्ताले सुन्दर, सभ्य र सम्वृद्ध गण्डकी प्रदेश प्राप्त गर्नका निमित्त वातावरण मैत्री विकास हाम्रो निमीत्त महत्वपुर्ण कुरा हो। यो कुरालाई जोड दिंदै महामहिम राष्ट्रपतिले गत २०१९ जुन ५ मा आफ्नो सम्वोधनमा भन्नु भएको छ। स्वच्छ र मनोरम वातावरण र जिवनको पर्याय

वातावरणलाई संरक्षण गर्दै सुन्दर भविष्य सुनिश्चित गर्न मन, वचन र कर्मले लाग्नु पर्दछ भनेर महामहिम राष्ट्रपतिले आव्हान पनि गर्नु भएको छ। नेपाल सरकारले यो कुरालाई आव्हान पनि गरेको छ।गण्डकी प्रदेश सरकारले यो विधेयकका माध्यमवाट सुन्दर, सम्वृद्ध र सभ्य गण्डकी प्रदेश निर्माण गर्नका निमित्त आफ्ना सवै निर्माणमा वातावरण प्रभाव मुल्याङ्कन गर्ने र वातावरणको हेरचाह गर्ने दृष्टिकोणले यो विधेयक ल्याएको कारणले म मेरो व्यक्तिगत तर्फवाट मेरो दलको तर्फवाट यो विधेकलाई समर्थन गर्दै आफ्ना भनाई टुंग्याउँछु । धन्यवाद ।

**माननीय सभामुख**-माननीय सदस्य श्री कुमार खड्कालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री कुमार खडका** —माननीय सभामुख ज्यू, विधेयक एउटा जिवन्तता प्रवृति दिने एउटा दस्तावेज हो। एकपटक लेखेपछि लेख्यो लेख्यो यसलाई सुधार गरिनु हुदैन, परिवर्तन गरिनु हुदैन, संसोधन गरिनु हुदैन भन्ने पत्थरको लकिर भयो भनेर भन्नु, सोच्नु गलत हुन्छ जस्तो लाग्छ। कहिले काही आवश्यकताले, कहिले कहिले परिस्थितिको परिवर्तनले, कहिले कहिले समयको मागले विधेयकमा, ऐनमा संसोधन गर्ने गरिन्छ गर्नु पर्दछ।तर कमी र कमजोरी थाहा पाई पाई जानी जानी त्यसलाई आत्मसात नगर्ने तक्षण सुधारलाई प्रतिष्ठाको प्रश्न बनाएर अगाडी बढदा त्यसले समस्याको सृजना त गर्छ गर्छ साथसाथै संसदको महत्व र गरिमालाई क्षयिकृत गर्छ भन्ने कुरा यो सदनले विर्सन हुन्न भन्ने मलाई लाग्दछ।माननीय सभामुख महोदय,गण्डकी प्रदेश सभामा पनि पटक पटक माननीय ज्यूहरुले त्रुटि औल्याउने, सुझाव दिने, संसोधन प्रस्ताव राखेर विधेयकलाई परिस्कृत गर्न खोज्दा सरकार गम्भीर नभएको र यथास्थितिमा पास गराउने गरेको हामी त्यसका प्रत्यक्षदर्शी छौं।त्यसको फलस्वरुप सानो समयमा तिन वटा ऐन संसोधनका लागि प्रदेश सभामा फिर्ता गर्न परेको एउटा ऐन त संविधान विपरीत भयो भनेर त्यसको व्याख्या सहित सर्वोच्च अदालतले खारेज गरिदिंदा यसले सरकारको नैतिकतामा,कार्यप्रणालीमा, दक्षतामा को उपहास त गर्यो गर्यो साथसाथै प्रदेश सभाको क्षमतामा पनि गम्भिर प्रश्न खडा गरेको छ।विधि निर्माण प्रकृया जटिल छ सभामुख महोदय, यो महत्वपुर्ण पनि छ। जनता आएर प्रदेशको जीवनमा दिर्घकालिन प्रभाव

यसले पार्दछ तसर्थ हामी संवेदनशिल हुन आवश्यक छ।प्रदेश सभामा छलफल गर्दा, विचार गर्दा, अनुमोदन गर्दा हामी साठी सदस्यले साठी जना माननीयले जे पनि गर्न सक्दछौं। हामीलाई कसले रोक्न सक्छ? हामीलाई कसले छेक्न सक्छ? हामीले यहाँ ल्याएका विधेयकमा दुई र दुई जोडेर पाँच बनाईदिंदा खेरि पनि यहाँ कसैले चुनौती दिन सक्दैन तर अधिकार छ भन्दैमा कि त्यो ऐन, त्यो विधेयक साठी जना भित्र नै लागु हुन्छ त।चौविस लाख भन्दा बढता गण्डकी प्रदेशका जनतालाई दुरगामी असर पर्ने प्रदेश र जनताको बृहतर  हितमा असर पर्ने भएको हुँदा त्यो विधेयकलाई पास गर्दा हामी साठी जना मात्रै छैनौं साठी जना भन्दा बाहिर पनि एउटा ठूलो संसार छ भनेर हामीले हेर्न सकिएन भने यो दुर्भाग्य हुन्छ भन्ने मलाई लाग्छ। गण्डकी प्रदेश सभाको विधेयक निर्माण प्रकृयालाई हामीले एक पल्ट रिभर्स गरेर हेरौंन। विधेयक माननीय मन्त्री ज्यूले यहाँ टेबुल गर्नु हुन्छ। सैद्धान्तिक छलफल हामी गर्छौं जहाँ हामी दफावार छलफलमा जान सक्तैनौ जसरी आज छलफल भैरहेको छ। यो एउटा विधायन समितिमा जान्छ विधायन समितिबाट विस्तृत रुपमा छलफल गरिसकेपछि फेरि सदनमा आँउछ, दफावर छलफल हुन्छ।माननीय सभामुख महोदय, दुई बर्षको कार्यकाल सकिन लाग्यो सबै बिधेयक निर्माण प्रकृयामा हामी सवै सहभागी छौं। दफावर छलफल भैसकेपछि गण्डकी प्रदेश सभाले कुनै पनि विधेयकमा ह्रस्व, दिर्घ, कमा पनि परिवर्तन नगरेर यथास्थितिमा पास गरेको इतिहाँस हामीले सम्झनुपर्दछ।के त्यो परफेक्सनको कारणले भएको हो त? परफेक्ट भएर भएको हो त? हिउमन इरर शून्य भएर भएको हो त? कि दायित्व र कर्तव्य प्रति हामी वढी जिम्मेवार नभएर भएको हो यसमा ब्रेन स्ट्रोमिङ गर्न जरुरी छ मात्र म भन्न चाहान्छु।जहाँ सम्म वातावरण संरक्षण गर्न विधेयकको प्रश्न छ त्यो बहुत महत्वपूर्ण प्रश्न भएर गएको छ।विशेष गरेर अल्पविकसित देश, विकासउन्मुख देश हामीलाई विकास चाहिएको छ। पूर्वाधार चाहिएको छ त्यो हाम्रो आवश्यकता पनि हो तर हामीले हरिया वनजंगल काटेर सिमेन्टका जंगल जसरी बढाउँदै गएका छौं। यसले बिनास तर्फ हामीलाई उन्मुख गरेको छ भन्ने कुरालाई हामीले आत्मसत गर्न पर्दछ।त्यसैको आलोकमा यो विधेयक आएको छ र यो विधेयक आउनु सकारात्मक छ मैले भन्न खोजेको। हामीलाई लाज लाग्न पर्दछ जम्मा सत्र वर्ष

पुग्न लागिन स्विडिस वच्ची ग्रेटा थनवर्क उनले उठाईन कुरा संसारका सवै देशलाई सम्वोधित गर्दै हिजो तपाईको पुर्खाले तपाईलाई दिएको वातावरण के तपाई हामीलाई दिन लागि राख्नु भएको छ। कस्तो किसिमको इन्भारोमेन्ट तपाईले दिइ राख्नु भएको छ भनेर। स्कुलमा एउटा अरगनाइजेसन खोलिन स्कुल स्ट्राइक फर द क्लाईमेट भनेर यो क्लाईमेट चेन्ज ग्लोवल वार्मिङका कारणले गर्दा पछिल्लो पुस्ता यो धर्तिमा बाँच्न नसक्ने स्थितिमा हाम्रो पुर्खाले पुर्याउन लागेको उनको व्लेम छ। यो परिस्थिति भोलि हाम्रा छोराछोरीले यही गण्डकी प्रदेश सभामा आएर हामीसँग, हाम्रो सरकारसँग प्रश्न नगरुन भन्ने तर्फमा यो विधेयक उन्मुख हुनु पर्दछ।यो विधेयकको प्रस्तावना हेर्दा प्रस्तावना विधेयकको ऐना हुन्छ। त्यो प्रस्तावनाको आँखी झ्यालबाट हेर्दा यो विधेयकले पाँचवटा लक्ष्य राखेको मैले देखेको छु।स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक अधिकारको संरक्षण, वातावरणीय प्रदुषण ह्रासबाट हुने क्षति वापत पिडितलाई प्रदुषकबाट क्षतिपुर्ति, वातावरण र विकास बिच सन्तुलन कायम, वातावरणमा पर्ने प्रतिकुल प्रभाव न्युनीकरण गर्ने, जलवायु परिवर्तनमा चुनौतीको सामना गर्ने यो पाँचवटा लक्ष्य यो विधेयकले राखेको छ।बहुत सुन्दर छ।बहुत उपयुक्त छ।आजको आवश्यकता पनि हो तर त्यो विधेयकमा सवै पल्टाएर जाँदा वातावरणीय प्रदुषण र ह्रास वाट हुने क्षति वापत पिडितलाई प्रदुषकबाट क्षतिपुर्ति दिलाउने भनेर यसले उद्देश्य त राख्यो प्रस्तावना पनि बोल्यो सिंगो विधेयक पढेर जाँदा खेरि कही यसको उल्लेख गरेको पाइदैन।पिडितले न्याय कसरी पाउने हो, प्रदुषकले क्षतिपुर्ति कसरी दिने भन्ने वारेमा विधेयक मौन छ तसर्थ यो विधेयक अपूर्ण छ।माननीय मन्त्री ज्यूले हिजो यही सम्वोधन गर्दा भन्नु भयो दस्तुर र दण्ड कार्यविधिमा र नियमावलीमा राख्न नमिल्ने भएको कारणले ताल संरक्षण विधेयक फेरि संशोधनका लागि प्रदेश सभामा लान बाध्यता परिरहेको छ भनिराख्नु भएको छ फेरि दस्तुर र दण्डका कुरा यो विधेयकमा नआँउदा ताल संरक्षण विधेयकको नियति फेरि यो विधेयकले व्यहोर्न पर्ने हो भने यथास्थितिमा पास गर्नु भन्दा यसलाई अझ परिस्कृत गरेर जान पर्छ कि पर्दैन यसका वारेमा म यहाँ निवेदन गर्न चाहान्छु। प्रदुषक भनेको त्यो परिभाषामा को हो त प्रदुषक के गरे प्रदुषक हुने हो कुराको पनि परिभाषामा व्याख्या नहुनु पनि अर्को त्रुटि हो जस्तो

मलाई लाग्दछ। मैले पटक पटक निवेदन गरेको छु, हामीलाई विधेयक वनाउने अधिकार छ, कानुन बनाउने अधिकार छ तर संविधानको वर्खिलाप गरेर संविधानको भावना विपरित संविधानको लिपि विपरित कुनै पनि ऐन कुनै पनि विधेयक ल्याउन, कार्यविधि र नियमावली ल्याउन र निर्देशिका ल्याउन हामीलाई त्यो अधिकार छैन। नेपालको संविधानको ३०६ को ढ ले स्थानीय तहको एउटा परिभाषा गरेको छ। उसले के भनेको छ भने स्थानीय तह भनेको गाँउपालिका, नगरपालिका र जिल्ला सभा हो भनेको छ। भलै त्यो भित्र कस कसको भूमिका संघीय सांसद भनेको के हो त भन्दाखेरी प्रतिनिधि सभाका सदस्य र राष्ट्रिय सभाका सदस्यलाई संघीय सांसद भनिन्छ त्यो भित्र राष्ट्रिय सभाको भुमिका नै नआए पनि प्रतिनिधि सभाको भुमिका नै नआएपनि परिभाषा समान हुन्छ तर यो ऐनको परिभाषाले संविधानको विपरित गएर स्थानिय तह भनेको जिल्ला सभा होइन भन्ने अर्थले नगर सभा र गाँउसभालाइ मात्र भनेको छ ।यो संविधानको वर्खिलाप भयो कि भएन मन्त्रीज्यूबाट म यसको उत्तर जान्न चाहान्छु। अहिले गण्डकी प्रदेशमा छ वटा मन्त्रालय छ। संविधानले सदस्य संख्याको विस प्रतिशत सम्म मन्त्री वनाउन पाइने मन्त्री भएपछि मन्त्रालय पनि वनाउन पाउने भनेको होला ब्राहवटा सम्म मन्त्रालय बनाउन सकिन्छ। हामीले विधेयकमा मन्त्रालयकै नाम राखेको मन्त्री त्यही मन्त्रालयको सचिव भनेर राखिदियौ भने भोलि माननीय मुख्य मन्त्रीले फेरि क्याबिनेट रिअसफल गरेर अरु थुप्रै मन्त्रालय बनाउँदा फेरि यो ऐन फर्काएर यसलाई परिवर्तन गर्देउ भनेर आउनु पर्छ। अहिले उद्योग, पर्यटन, वन तथा वातावरण चारवटा मन्त्रालय एउटै मन्त्री ज्यूले धानेर वस्नु भएको छ। भोलि पनि त्यही हुन्छ भन्न सकिदैन। तसर्थ यहाँ मन्त्रीको नाम राख्दा, सचिवको नाम राख्दा, मन्त्रालयको नाम राख्दा वातावरण हेर्ने मन्त्री, वातावरण हेर्ने सचिव भन्ने खालका भाषा राख्ने हो भने भोलि फेरि मन्त्रालय रिअसफल हुँदा खेरि क्याविनेट रिअसफल हुँदा खेरि यहाँ फर्काएर आउनु पर्दैन जस्तो मलाई लाग्छ। अनि अन्तिममा आर्थिक कुरा त ऐनमा राख्नैपर्छ यो त विधि निर्माणको त सामान्य सिद्धान्त हो। तपाईले एउटा परिषदको परिकल्पना गर्नु भएको छ। मुख्यमन्त्री हुनुहुन्छ, मन्त्री हुनुहुन्छ, सचिव हुनुहुन्छ। उहाँहरु त पहिल्यै पारिश्रमिक पाईराख्नु भएको छ उहाँको बारेमा बोल्न नबोल्दा आपत्ति भएन तर

तपाँइले जनताबाट पनि निर्वाचित गरेर वा मनोनित गरेर केही व्यक्ति यहाँ ल्याउने भनिसकेपछि तिनले पाउने पारिश्रमिक के हो? तिनको सुविधा के हो?त्यो कार्यविधिमा, नियमावलीमा वनाउन पाईदैन त्यो ऐनले ओगटन पर्छ। यो ऐनमा त्यो नदेखिएको हुनाले म यहि कुरा माननीय सभामुख मार्फत आफ्ना कुरा राख्दै अहिलेलाई विदा हुन्छु। धन्यवाद, जय नेपाल।

**माननीय सभामुख**-माननीय सदस्य, श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री पियारी थापा —**माननीय सभामुख महोदय, आज हामी हिजो मात्र प्रदेश सभामा पेश भएको वातावरण संरक्षण गर्न बनेको विधेयक उपर सैद्धान्तिक छलफलको क्रममा जुटिरहेका छौं।त्यो सैद्धान्तिक छलफलको क्रममा जुट्दा खेरि मैले यो विधेयक पढे दोहोराई तेहराई पढे। पढदाखेरि अलिकति यसमा यो अपरिपक्व छ कि जस्तो मलाई महशुस भयो।यो अपरिपक्व कसरी छ भन्ने कुरा अघि भर्खरै पुर्ववक्ता माननीय ज्यूले पनि कुरा राख्नु भयो। यो प्रस्तावनामा वातावरणीय प्रदुषण ह्रासबाट हुने क्षति बापत पिडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलव्ध गराउन भनेर लेखिएको छ।तर त्यसको विषयमा जुन दण्ड वा जरिवाना यदि यसलाई कसैले अटेरी गर्यो, यसलाई कसैले मानेन, टेरेन यो गर्न खोजेन भने हामीले दण्ड वा जरिवाना गर्ने कि नगर्ने मन्त्री ज्यूलाई म प्रश्न गर्न चाहान्छु ।यसको दण्ड जरिवाना लेख्नु पर्ने कि नपर्ने, दण्ड जरिवाना कति हुनु पर्ने उल्लेख हुनु पर्ने कि नपर्ने भन्ने कुराहरु पनि मैले मन्त्रीज्यूबाट जवाफ चाहान्छु।र बिकासको होडबाजीका कारण श्रोत साधनहरुको अत्याधिक दोहन र मनलाग्दि हिसाबले मास्ने नास्ने प्रकृया श्रृखलाबद्ध रुपमा भैरहेको अवस्थामा यो विधेयक वातावरण संरक्षण गर्ने अभिप्रायका अनुरुप ल्याईएको छ। यो आँफैमा सान्दर्भिक छ र महत्वपूर्ण रहेको छ।यसकारण यसका निमित्त प्रदेश सरकारलाई विशेष धन्यबाद ज्ञापन गर्न चाहान्छु।दिनानुदिन प्राकृतिक श्रोत माथि मनलाग्दि हिसाबले जुन प्रकारको बिकासको नाममा जुन प्रकारले गतिविधिहरु अगाडि बढिरहेका छन पक्कै पनि यो विधेयकले यसलाई नियमन, नियन्त्रण साथै थोरै भन्दा थोरै श्रोतसाधनहरुबाट धेरै जनताको आकाँक्षा परिपूर्ति गर्ने सवालमा संयमित र मितव्ययी उपायहरु

अवलम्वन गर्नका निमित्त उपयुक्त हुनेछ भन्ने म सुझाब दिन चाहान्छु।दिगो विकासको लक्ष्यहरु प्राप्त गर्ने जुन लक्ष्य छ।यो लक्ष्यको प्रत्येक गोलहरु अझ भन्दा पनि मेक्सिमम गोलहरु यो विधेयक  संग सम्वन्धित रहेको छ।यसैगरि भोलिका सन्ततीहरुले हामीले पनि भोलीका सन्ततीहरुले जसरी हामीले यो प्राकृतिक श्रोतहरु पायौं त्यसैगरि भोलिका सन्ततिहरुले यसको उपयोग र संरक्षण गर्ने यो जुन संरक्षण गर्न पाउनु पर्छ त्यो खालको बातावरण सृजना पनि हामीले गर्नु पर्छ। बिकासले पर्यावरणीय सन्तुलनलाई बिगार्नु हुदैन त्यसकारण वातावरण संरक्षणका साथै यसको सम्वर्द्दन, प्रवर्द्दन गर्दै लैजानु प्रदेश सरकारको दायित्व हो। जलवायु परिवर्तनका कारण विश्व तापमान बढदै गैरहेको छ। यसले यसको प्रत्यक्ष असरहरु हामीले हाम्रो प्रदेशले पनि देखेका छौं किनभने हाम्रो प्रदेश हिमाल, पहाड, तराईको समिश्रणबाट बनेको प्रदेश हो र हाम्रो यहाँको नेचुरल ब्युटि छ त्यो ब्युटिलाई जोगाउनका निमित्त उपयुक्त खालका चुनौतिहरु सँग जुध्ने उपायहरु अवलम्वन गर्नु पर्छ साथै जलवायु परिवर्तनबाट भैरहेको अतिवृष्टि र अनावृष्टिको प्रभाव न्युनिकरण गर्न साथै प्रभावित क्षेत्रलाई तत्काल राहत तथा उद्धार र उचित व्यवस्थापन गर्न यो विधेयक अग्रगामी रुपमा सधै अगाडि एक कदम अगाडि बढोस म सुझाव दिन चाहान्छु।जनताले बिकास चाहेको हो, बिनास होईन। आज विकासका नाममा हाम्रा प्रकृतिक श्रोत साधनहरु बन जंगलहरु, खोला नालाहरु माथि अत्याधिक मात्रामा दोहन भैरहेको छ।जथाभावी डोजर चलाउँदा कतिपय सुन्दर बस्तीहरु कुरुप बन्दै प्राकृतिक विपतको शिकार भईरहेका छन।सडक बनाउन अनावश्यक होडवाजि छ त्यसैले त्यँहाको प्राकृतिक तथा मानवीय प्रभावको विषयमा प्राय अनिविज्ञ बन्दै जानुले हाम्रो वातावरणको संरक्षण कसरी हुन्छ होला, सभामुख महोदय। त्यसकारण यो विधेयकले एउटा उपयुक्त पद्धतिको विकास गर्न सक्नु पर्छ। विकासका लागि विनास नै गर्नु पर्छ यो जरुरी छैन भन्ने गहकिलो उदाहरण हाम्रो प्रदेशबाट दिउँ प्रदेश सरकारलाइ  सुझाव दिन चाहान्छु साथै अधिकार प्राप्ति र दायित्वबोधलाई अत्यन्त सुक्ष्म रुपमा जनता सामु पुर्याउने र कानूनको कार्यन्वयनमा यथेष्ट मात्रामा होस भनेर म शुभकामना ब्यक्त गर्न चाहान्छु र आफ्नो भनाई अन्त्य गर्ने अनुमति चाहान्छु।धन्यवाद ।

**माननीय सभामुख**-माननीय सदस्य, श्री धनमाया लामा पोखरेललाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री धनमाया पोखरेल लामा —**माननीय सभामुख ज्यू, नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको हक हुनेछ भनेर दस्तावेजीकरण गरिएको छ।सोही अधिकारको प्रयोग गर्दै गण्डकी प्रदेश सरकारको उद्योग पर्यटन  तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण गर्न बनेको विधेयक ल्याएको छ जुन सकरात्मक र महत्वपूर्ण छ भन्ने मलाई लाग्छ। माननीय सभामुख ज्यू, वातावरण संरक्षणको विषयमा छलफल गरिरहँदा सन् १९६० को दशक पछि पृथ्वीमा तिव्र गतिमा भएको औद्योगिक विकास, जनसंख्या बृद्धि, मानव गतिविधिका कारण विश्वव्यापी रुपमा तापक्रम वृद्धि र आकस्मिक रुपमा क्लाइमेट चेन्ज अर्थात जलवायु परिवर्तनका कारण सामाजिक, आर्थिक र इको सिस्टममा र विकास संरचनामा नकारात्मक असर बढदो देखिन्छ।माननीय सभामुख ज्यू, जुन क्लाइमेट चेन्जको प्रत्यक्ष असर गण्डकी प्रदेशको हिमाली जिल्लाहरु गोरखा, मनाङ र मुस्ताङमा पनि देखिन्छ।२०१७ यता गण्डकी प्रदेशको हिमाली जिल्लाहरुमा तापक्रम अत्याधिक वृद्धि भएको पाइन्छ।मनाङ् जिल्ला नेपालको सवैभन्दा वढी तापक्रम वृद्धि भइरहेको जिल्लामा पर्दछ।जसको असर हिमालमा हिँउ पग्लेर हिमाल सुख्खा पहाडको रुपमा परिणत हुने हिम पहिरो जाने, मनसुनमा परिवर्तन हुने, पानीको मुहान सुक्ने, कृषिवाली पशुपंक्षी र मानवमा नयाँ नयाँ रोगहरु देखा पर्ने जोखिम देखिन्छ। जलवायु परिवर्तन न्यूनिकरण गर्ने हाम्रो राष्ट्रिय लक्ष्यलाई सहयोग पुग्ने गरी गण्डकी प्रदेशले पनी कार्यक्रम ल्याउन आवश्यक छ।गण्डकी प्रदेशको निती तथा कार्यक्रम २०७६/७७ मा समावेश गरिएका मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाँउ कार्यक्रम स्वच्छ वातावरण, स्वस्थ्य जीवन, हरित शहर, एक घर पाँच रुख जस्ता कार्यक्रमलाई कार्यान्वयन र व्यवस्थित गर्न र सुन्दर प्रदेश निर्माण गर्न र हाम्रो प्रदेश सरकार र राष्ट्रिय लक्ष्य जुन  भिजिट नेपाल २०२० र २०२२ सफल बनाउन यो विधेयकको निर्माण र कार्यान्वयनको भुमिका महत्वपुर्ण रहनेछ भन्ने मलाई बिश्वास लागेको छ।यो विधेयकलाई सरसर्ती हेर्यो र यो विधेयक हाम्रो

गण्डकी प्रदेशको विधेयक  केन्द्रको वातावरण संरक्षण ऐनलाई पनि मैले हेरैं र यसलाई हेर्दा जुन केन्द्रमा हाम्रो केन्द्रीय सरकारले वा संसदले पारित गरेको ऐनसँग हुबहु कपी पेष्ट रहेको छ र केही केही विषयवस्तुहरु जस्तै हाम्रो केन्द्र र प्रदेशको साझा अधिकार सुची भित्र रहेको वातावरण सँग सम्वन्धित थुप्रै सम्पदाहरु छ। त्यसमा लाग्छ मन्त्री ज्यूले यहाँ जवाफ पनि दिनु होला। यो हामीले विधेयक एउटा परिषदको परिकल्पना सहित निर्माण गरिरहँदा यहाँ दण्ड, जरिवाना र त्यसको महत्वपूर्ण भूमिकाहरुको विषयहरुमा अझै ठोस भएर आएको छैन।यसमा किन यस्तो भयो यो विधेयकको निम्ति मात्रै विधेयक बनाउनको निम्ति एउटा हामीले बिगतको विधेयकहरुलाई पनि हेर्नु पर्छ। हाम्रो प्रदेशले गण्डकी प्रदेशले पारित गरेको वर पिपल संरक्षण विधेयक र यो सुर्तिजन्य पदार्थको नियन्त्रण र नियमन गर्न वनेको विधेयक हामीले प्रमाणित गरेर गण्डकी प्रदेशको ऐनको रुपमा पनि पाइसकेका छौं।त्यसलाइ अहिले हामीले हेर्ने हो भने त्यो विधेयक गण्डकी प्रदेश भित्र कार्यान्वयनको अवस्थामा छैन। हामीले एउटा विधेयकलाई प्रमाणीकरण गर्नका निम्ति र संख्या थप्नका निमित्त मात्रै हामीले विधेयक बनाइरहेका छैनौं। मैले यो भन्दा एक महिना अगाडि अन्य प्रदेशमा तिनवटा प्रदेशमा भिजिट गर्ने मौका पनि मिलेको थियो। त्यसमा अन्य प्रदेश भन्दा हाम्रो यो गण्डकी प्रदेशमा विधेयकहरुको क्रम संख्या धेरै तर त्यसको क्वालिटिमा धेरै नै त्रुटि भएको मैले महशुस गरें। जुन यो विधेयक पनि त्यस्तो नहोस भनेर म सुझाब दिन चाहान्छु र अन्य कुराहरु फेरी हामीले  समितिमा अझ यसलाई व्यवस्थित र फलदायी वनाउन हामी लागि पर्ने छौं भन्दै मेरो भनाइ यही अन्त्य गर्दछु। हवस त धन्वाद ।

**माननीय सभामुख**-माननीय सदस्य श्री पुष्पा के.सी.भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री पुष्पा के.सी. भण्डारी** —माननीय सभामुख महोदय,वातावरण संरक्षण गर्न वनेको विधेयक माथि सैद्धान्तिक छलफल गर्नु पर्दा यो विधेयक संविधानको भाग ३ मौलिक हक र कर्तब्य भित्र धारा ३० को स्वच्छ वातावरणको हकमा टेकेर आएको छ।धारा ३० को उपधारा १ ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनेको छ भने उपधारा २ ले

वातावरणीय प्रदुषण ह्रासबाट हुने क्षतिवापत पिडितलाई प्रदुषकबाट कानुन बमोजिम क्षतिपुर्ति पाउने हक हुनेछ भनीएको छ।यही कुरालाइ आधार मानेर यो विधेयकले आफ्नो उद्देश्य तय गरेको छ। यसको उद्देश्यमा माथि उल्लेखित बुँदा सहित वातावरण र विकास बिच समुचित सन्तुलनका लागि कानूनी व्यवस्था मिलाउन आवश्यक देखिएको भन्ने कारण पनि खोलिएको छ।सिद्धान्ततः यो विधेयक आजको आवश्यकता भएको छ। यो विधेयकमा उल्लेख भएका कुरामा वातावरण, वातावरण प्रदुषण, वातावरणीय प्रभाव मुल्याङ्कन र संक्षिप्त वातावरण अध्ययन वा प्रारम्भिक वातावरणीय परिक्षण मुख्य छन।यिनै शब्दावलीको वरिपरि रहेर प्रकृति वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न, जलवायु परिवर्तनको चुनौतीलाइ सामना गर्न तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निकाय तोक्नका निम्ति र वातावरण संरक्षण सम्बन्धमा कानूनी व्यवस्था गर्न यो विधेयक आएको छ।यो कुरा विधेयकको उद्देश्य र कारण उद्देश्यमा पनि प्रष्ट रुपमा उल्लेख छ। संविधानमा नागरिकका मौलिक हकहरु सुरक्षित गरिएको भए पनि व्यवहारमा उतार्न ऐन कानूनको आवश्कता पर्दछ।यो विधेयकले यो आवश्यकतालाई पुरा गर्ने प्रयास गरेको छ।सभामुख महोदय, संविधानको धारा ३० को उपधारा ३ ले राष्ट्रको विकास सम्वन्धी कार्यमा वातावरण र विकास विच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुर्याएको मानिने छैन भनिएको छ।यसै धारामा टेकेर हाम्रा विकास निर्माणका कामहरु अघि वढिरहेका पनि छन तर ती कामहरु गर्दा वातावरणीय प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरणीय परिक्षण पनि नगरी आफ्ना आवश्यकतालाई मात्र ध्यानमा राखी विकास निर्माणका कामहरु गरिंदा वातावरणमा प्रतिकूल असर त परेकै छ त्यसका साथमा धन जनको क्षति भएको पनि प्रशस्त उदाहरण पनि छन।धेरै पर नगई फेवा जलाधार क्षेत्रलाइ मात्र स्मरण गर्यौं भने पनि यो छर्लङ्ग हुन्छ।चालिस एकचालिस सालमा भुक्षय नियन्त्रणको प्रबिधि अध्ययन गर्न सराङ्कोटको सराङ्कोट, कास्कीकोटमा म आफैं छात्राको रुपमा आएकी थिएँ।पहिरो रोकथामको उपायहरु वारे अध्ययन गरी कसरी जलाधार क्षेत्र संरक्षण गर्न सकिन्छ भन्ने वारेमा तर आज त्यही ठाँउमा थुप्रै डोजरहरु चलेका छन। पैतिंस चालिस वर्षको दौरानमा त्यो वेला भएको क्षति

भुलेर अहिले त्यही वल्ल वल्ल स्टेवल भएको ठाँउमा डोजर चलेका छन त्यति मात्रै नभई घर अगाडि बाटो पुर्याँउछु भन्दा घर भत्कन लागेकोले डोजर अगाडि नलगेर रोकेको उदाहरण पनि त्यहिं प्रष्ट सँग देखिन्छ।सभामुख महोदय, यस विधेयकले यस्ता घटनाहरुलाई भबिष्यमा हुन दिने छैन भन्नेमा म बिश्वस्त छु।मैले माथि दिएको उदाहरण त प्राकृतिक वातावरण सँग मात्र जोडीएको कुरा हो।यसको साथमा मानव निर्मित वातावरण प्रदुषणलाइ पनी यो विधेयकले हेर्ने नै छ। जस्तै उद्योग स्थापना गर्दा हुने प्रदुषण, कुखुरा फर्म राख्दा हुने प्रदुषण, वंगुर फर्म स्थापना गर्दा हुने असर आदिलाई पनि यो विधेयकले वातावरण प्रदुषण अन्तर्गत हेर्नेछ र नागरिकको स्वच्छ वातावरणमा जिउन पाउने अधिकारको संरक्षण गर्ने छ भन्ने विश्वासका साथ यो विधेयक अगाडि ल्याउन आवश्यक रहेको धारणा म र मेरो पार्टीको तर्फबाट समेत राख्दछु। धन्यवाद ।

**माननीय सभामुख**-माननीय सदस्य श्री दिपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री दिपक कोइराला** -माननीय सभामुख महोदय, हामी उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय द्वारा प्रस्तुत वातावरण संरक्षण विधेयक माथि छलफल गरिरहेका छौं। हाम्रो संविधानले प्रत्येक नागरिकलाई स्वच्छ वातावरण र स्वस्थ वातावरणमा बाँच्ने हक हुनेछ भनेर भनेको छ।यस वारेमा अघिनै पनि धेरै ब्याख्या भएको छ, म त्यतातिर जाँदिन। संविधानमा व्यवस्था भएको मौलिक अधिकारको धारा ३० मा नै यसको व्याख्या गरिएको छ।मौलिक अधिकारको रुपमा नै यो अधिकारलाई राखिएको छ। प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनिसकेपछि स्वच्छ वातावरण दिनु र स्वस्थ वातावरण दिनु सरकारको, राज्यको दायित्व हो।त्यो दायित्व पुरा गर्नका लागि सरकारले यो वातावरण संरक्षण विधेयक ल्याएको छ।यो सहि समयमा यो विधेयक आएको छ भन्ने कुरा पनि म ठान्दछु।र यो बारेमा धेरै चर्चा भैसकेको छ।वातावरण मूलतः हामीले हाम्रा वरपरको जुन बस्तुगत अवस्था हो त्यसलाई नै हामी वातावरण भन्ने गर्छौं। वातावरणको सृजना जसरी भएको छ , प्राकृतिक रुपमा प्राकृतिक सम्पदाको रुपमा हामी समेत मिसिएर मानव जाति समेत यो पृथ्वीमा बसोबास गर्ने सवै मानव

जाति देखि लिएर सवै जिवजन्तु, पंक्षी देखि लिएर सवै कुरालाइ यहाको प्राकृतिक सम्पदालाई समेत जोडेर यो सवै कुरालाई मिलाएर नै हामीले यसलाइ वातावरण भन्ने गर्छौं। वातावरणको सवैभन्दा धेरै यसको उपयोग गर्ने पनि मानिस हो र यसलाई बचाउनु पर्ने दायित्व पनि मानिस सँगै छ।किनकि मानिस नै यो पृथ्वीको सवभन्दा चेतनशील प्राणी हो।त्यसकारण यो वातावरणले पर्ने प्रभावका बारेमा सवभन्दा धेरै मान्छले नै जान्दछ।त्यसलाई नियन्त्रण गर्ने, त्यसलाई व्यवस्थित गर्ने कानूनहरु आवश्यक हुँदो रहेछ। म तपाईहरुलाइ एउटा मात्र उदाहरण भन्छु।आजको सन्दर्भमा। एकचोटि म दिल्ली घुम्न गएको थिए। त्यहाँको मेट्रो रेल चढन् र अरु रेल चढनुमा धेरै अन्तर छ। किनभने मेट्रो रेलमा एकदम धेरै कडाई पूर्वक कानुनी कारबाही गरिन्छ भनेर लेखेको छ।अरु रेलमा लेखेको छैन। अरु रेलमा एकदम फोहोर हुन्छ। तर मेट्रो रेल टोकियोको मेट्रो चढ्नु र दिल्लीको मेट्रो चढनुमा कुनै पनि फरक पाइदैन। किन किनकी त्यहाँ कानून कडा छ। मेट्रोको हकमा कानून कडा छ त्यसकारण कानून पनि एउटा महत्वपुर्ण कुरा रहेछ।हामीले यो त जान्दछौं। सवैलाइ थाहा छ, हामीले पढयौ पनि, जान्यौ पनि, यो सिंङ्गो पृथ्वीको यसको रक्षा पनि गर्नु पर्दछ।यसको वातावरणको रक्षा गर्नुपर्दछ। जैविक विविधताको आदि, इत्यादी सवैको रक्षा गरेर मात्रै मानव जातिको अस्तित्व कायम रहन्छ भन्ने कुरा हामी सबैलाइ थाहा छ, किन किनकि यो पृथ्वीको अस्तित्व भएन भने हाम्रो अस्तित्व त काहिं पनि रहदैन भनेको यो पृथ्वीको अस्तित्व जोगाउनको लागि हामीले वातावरण संरक्षण गर्नु पर्दछ भन्ने कुरा हामी सवैलाइ थाहा छ यो सैद्धान्तिक कुरा हो। तर यसका लागि पनि एउटा कानून बनाउनु पर्ने आवश्यकता हुँदो रहेछ किन हुँदो रहेछ भने आवश्यकताले  मान्छेलाई तत्कालको आवश्यकताले दिर्घकालीन असर मानिसले भुलिरहेको हुन्छ।हामीले यहाँ पनि भन्छौं यहाँबाट पनि धेरै कुराहरु गरिरहेका हुन्छौ।कि यहाँबाट हामीले वातावरण संरक्षणका हकमा धेरै कुराहरु गरिरहेका हुन्छौं तर हामीले पनि योजना माग्नु पर्यो भने सवभन्दा के माग्छौं वढी वन जंगल फडानी गरेर त्यो बाटो मोटर वाटो लैजाने हामी योजना माग्छौं। किन त्यो कुराले प्रभाव पार्यो भने यसको मैले अन्यथा भन्न खोजेको होइन किन त्यस्तो प्रभाव पर्यो भने हामी तत्कालको हिसाबले हामी बढी केन्द्रित हुन्छौं

।कार्यनितिक हिसाबले भन्छौं नि। त्यसकारण तत्कालको हिसाबले हाम्रो के आवश्यकता छ, के माग भैरहेको छ भनेर भन्यो भने त्यो माग तिर हामी दौडिरहेका हुन्छौं तर त्यसले पार्ने दिर्घकालिन असर, त्यसले पार्ने दिर्घकालिन प्रभाव तिर हामी गइरहेका हुदैनौं। त्यसकारण यो एउटा अत्यन्तै महत्वपुर्ण कुरा हो। यो कुरालाइ हाम्रो जस्तो देशमा हामी विकासोन्मुख देशहरु अथवा हामी विकासको तिव्र गतिमा अगाडि बढिरहेको सन्दर्भमा विकास र यो अहिलेको संसारलाइ नै एकचोटि हेर्यौं भने विकास र प्राकृतिक संरक्षणको विचमा दुईटा ठुलो द्वन्द देखा पर्दछ। हामीले विकास निर्माण भन्ने वित्तिकै प्राकृतिक सम्पदाहरुको संरक्षण गर्दैनौं भने जस्तो अर्थ पनी लाग्दछ।फेरि हामी प्राकृतिक संरक्षणहरको यो दुइटै अतिवादी बुझाईहरु पनि छन समाजमा कतै हामी विकास निर्माणको अरु ठूला ठूला भौतिक पुर्वाधारहरु वनाउने भनिसकेपछि यो प्राकृतिक सम्पदा केही पनि होइन भने जस्तो गरी व्याख्या गर्ने पनि हाम्रो चलन छ।फेरि प्राकृतिक संरक्षण प्रकृतिको संरक्षण गर्नुपर्छ भन्दा भन्दै यति धेरै संरक्षण गर्छौं हामी कि त्यसले काहीं हामी मानव जातिलाई काहीं हितै नगर्ने कामै नलाग्ने गरि पनि संरक्षण मात्रै गरिराखेका हुन्छौं त्यही भएर मैले धेरैपटक भन्ने गरेको छु।हरियो वन नेपालको धन भन्ने नारा हामीले छोड्नु पर्यो। किनभने हामीले वन जंगल संरक्षण गर्यो त्यो आवश्यकता थियो तर त्यो बाट हामीले उपयोग गर्न सकिराखेका छैनौं भने पनी त्यसको सरक्षण गर्नुको मात्रै पनि त्यसको खासै अर्थ हुदैन त्यसकारण समुचित यो ऐनले या यो विधेयकले या हामीले भन्न खोज्या कुरा के हो भने यसको समुचित उपयोग हुनु पर्यो उपयोग पनि हुनुपर्यो र हाम्रो प्राकृतिक सौन्दर्यता वा हाम्रो वातावरण पनी बच्नु पर्यो।हाम्रो वातावरणको स्वच्छता जे छ त्यो हामीले प्राप्त गरिरहनु पनी पर्यो। त्यो दुईवटा कुरा मिलाउनका लागि नै यो ऐन चाहिएको हो।किनभने यो दुईवटा कुरा मिलाउने के ले त अब के गर्दा खेरी प्राकृतिक सम्पदाहरको संरक्षण हुन सक्दछ। के गर्दा हाम्रो वातावरणको संरक्षण हुन सक्दछ, के गर्दा हामीले विकास निर्माणका कामहरु अगाडी वढाउन सक्दछौं भन्ने कुराको दुईटा कुराको द्वन्द्वात्मक सम्बन्धलाई व्यवस्थित गर्नका लागि यो ऐन आएको छ भन्ने मैले महशुस गरेको छु। त्यसकारण आजत हामीले हेरेकै छौं जलवायु परिवर्तनका कुराहरु छन हाम्रा भौतिक संरचनाको निर्माण देखि लिएर

औद्योगिकरणका कारणले पनि ठूला ठूला हाम्रा चाहिने औद्योगिक निर्माणहरु विश्वभरी भएका औद्योगिक कान्तिहरु भन्छौं औद्योगिक निर्माण भनौं न खासगरिकन त्यसले उत्सर्ग गर्ने विषादी युक्त ग्याँसहरुले पनि हामीलाई धेरै प्रदुषित बनाइरहेको छ। हाम्रो वातावरण  त्यसकारण यसलाई हामीले गर्नु पनि पर्छ ।आजको आधुनिकता जे हो आजको आधुनिक विश्वसँग प्रतिस्पर्धा गर्न लायक विकास निर्माण पनि गर्नुपर्छ र त्यो सँगसँगै हाम्रो प्राकृतिक संरक्षण हाम्रो वातावरणको हामीले संरक्षण गर्न सकेनौं भने हामी रहेनौं भने वातावरण नै संरक्षण गर्न सकेनौं भने अरु जसरी लोप हुन्छन मानव जाति पनि त्यसै गरी लोप हुने दिन धेरै पर्खनु पर्दैन। तर त्यो लोप हुने गरी यी कुराहरु हामीले अगाडी वढायौं भने कसले उपयोग गर्ने त्यसैले उपयोग गर्ने कुरा पनि यो सवै कुरालाइ सम्वन्धलाई, एकिकृत गर्न, व्यवस्थित गर्नका लागि जुन ढंगले यो ऐन आएको छ वास्तवमा यो ऐन महत्वपूर्ण छ भन्ने म ठान्दछु। आज यो प्राकृतिक सम्पदा, प्राकृतिक वस्तुहरुको दोहन अत्याधिक मात्रामा बढेको छ। यस वारेमा धेरे पटक देश भरिनै आज समस्या आएको छ।नदी नालाको गिटि वालुवा उठाउने कुरा देखि होस या बनजंगल फडानी सम्मका कुराहरु हुन यी कुराहरु एकदमै गम्भीर ढंगले आएका छन। यसले पार्ने प्रभाव झट्ट हेर्दा खेरी येले के नै प्रभाव पार्छ र भन्ने जस्तो पनि देखिन्छ।तर सिंङ्गो पृथ्वीको तापक्रम बढ्दा त्यो तापक्रम अमेरिकामा मात्रै बढदैन नेपालमा पनी बढ्छ र नेपालमा तापक्रम बढ्दा त्यो तापक्रम अमेरिकामा पनि बढ्छ यो सिङ्गो पृथ्वीमा एकसाथ बढ्छ भन्ने कुरा हामी कहिलेकाँही भुल्छौं र आफ्नो आवश्कता मात्रै अगाडी बढाँउछौं। त्यसकारण यो सवै यी कुराहरुलाइ व्यवस्थित गर्नका लागि एउटा कानुन निर्माण गर्नु पर्ने आवश्यकता रहन्छ। त्यसकारण यो बिधेयक आएको छ भन्ने कुरा म सैद्धान्तिक रुपमा राख्न चाहान्छु।त्यसकारण यी कुराहरुलाई हामीले व्यवस्थित गर्दै हामीले संविधानमा व्यवस्थित गरेको प्रत्येक नागरिकलाई  स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्दै, सँगसँगै विकास निर्माणका अरु आधुनिक विश्वसँग प्रतिस्पर्धा गर्न लायक बनाउने पनि हाम्रो कुरा छ त्यसकारण ती दुइटा कुरालाइ व्यवस्थित गर्दै अगाडी जान जरुरी छ भन्ने म ठान्दछु ।यो सन्दर्भमा नेपालले धेरै कुराहरु,  कामहरु, अन्तराष्ट्रिय संघ सन्धिको पक्षधर राष्ट्र

पनि भएको छ।यी धेरै कुराहरु यहाँ अघिनै पनी चर्चा भएका छन म त्यतातिर जान चाहान्न जे होस यसले हामीलाई आगामी दिनमा हाम्रो पछिल्लो पुस्तालाई यहाँ पनी अघि पनि प्रश्न उठयो हामी के गर्छौं भन्ने कुरा मात्र पनि मुख्य होइन रहेछ, पछिल्लो पुस्तालाई हामी के दिन्छौं भन्ने कुरा पनि मुख्य कुरा रहेछ। त्यो विकास निर्माणको हिसाबले त्यो वातावरणको हिसाबले एउटा कुरा मात्र दिएर हुँदो रहेनछ।सिङ्गो पृथ्वी जुन रुपमा छ त्यो रुपमा हामीले पछिल्लो पुस्तालाई यदि हस्तान्तरण गर्न सकेनौं भने त्यो पनि एउटा गम्भीर ढंगले प्रश्न उठेको छ, त्यसकारण यसलाई जस्तो छ, त्यो रुपमा यो रहन्छ रहदैन  थाहा छैन। तर त्यो आवश्यकता पुरा गर्नुपर्दछ।जुन रुपमा छ त्यही रुपमा रहिरहन्छ भन्ने कुरा त होइन किनभने संसार पृथ्वी नै चलायमान छ।संसारमा सवै उत्पति भैसके पछि मृत्यु हुन्छ यो शाश्वत सत्य हो।सवै कुराको उत्पति हुन्छ र अन्तय हुन्छ। हामी पृथ्वीको पनी अन्त्य हुन्छ भनेर भनिराखेका छौं भनेपछि यो सवै कुरा जुन रुपमा छ त्यही रुपमा जुन अवस्थामा छ त्यही अवस्थामा रही रहन्छ भन्ने कुरा होइन तर त्यो आवश्यकतानुसार जे हामीलाइ आवश्यकता छ त्यो आवश्यकता अनुसार यसलाई हामीले प्रयोग गर्न सक्छौं कि सक्दैनौं यसलाइ हामीले त्यो रुपमा बढाउन सक्छौं सक्दैनौं भन्ने कुरा महत्वपूर्ण र गम्भीर कुरा हो त्यसकारण ती कुराहरुलाई व्यवस्थित गर्नको लागि जुन ऐन आएको छ। त्यो ऐनको सैद्धान्तिक रुपमा आज छलफलमा हामी सहभागी छौं म यसको पक्षमा धारणाहरु राख्दछु र यसमा अरु दफावार छलफलहरु गर्नुपर्ने कुराहरु पनि यसमा छन। त्यो दफावर रुपमा छलफलकै विषयमा हामी यसलाई अगाडी बढाउन पनि जरुरी ठान्दछु र ऐन नियम या कानुनहरु जे निर्माण हुदैछन ति सवै अकाटय रुपमा निर्माण हुन्छन भन्ने मान्यता हामी कसैले पनि राख्दैनौं।त्यसको संसोधन गर्न र त्यसलाई अगाडी बढाउनै हुदैन भन्ने मान्यता पनि हामी राख्दैनौं। तर यसलाइ समयनुकुल परिमार्जित गर्ने कुरामा हरेक कुराको समय अनुकुल परिमार्जन गर्नै पर्दछ।र ती कुराहरु परिमार्जन गर्न सकिएन भने हामीले फेरि आजको आवश्यकता पुरा गर्दैनौं। आजभन्दा अगाडीको आवश्यकता के थियो र आजभन्दा पछाडिको आवश्यकता के थियो भन्ने समाज गतिशिल छ।गतिशिल समाजलाई हामीले सँधै पकडन र गति सँगै अगाडी बढनका

लागि यी कुरा परिमार्जन गर्दै जानु पर्दछ भन्ने सैद्धान्तिक मान्यता पनि हामीले राख्नुपर्दछ भन्दै यो विधेयकको सैद्धान्तिक पक्षमा यति कुरा राख्दै यसमा मेरो समर्थन जनाँउदै मेरो भनाई यहीं अन्त्य गर्दछु। धन्यवाद ।

**माननीय सभामुख**-माननीय सदस्यहरु, अब म माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्साललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्साल –** माननीय सभामुख महोदय, वातावरण संरक्षण गर्न वनेको विधेयकको वारेमा यो सैद्धान्तिक छलफलमा छ जना माननीय सदस्यहरुले आफ्नो भनाईहरु राख्नु भएको छ। र म माननीय सदस्य ज्यूहरुलाई हार्दिक, हार्दिक धन्यवाद दिन चाहान्छु। अत्यन्तै महत्वपूर्ण प्रश्नहरु, जिज्ञासाहरु माननीय सदस्यहरुवाट उठेका छन विधेयकको सन्दर्भमा र धेरै हामीले एउटा मेहनत गरेर संविधानले व्यवस्था गरे अनुसार हामीले यो विधेयक ल्याएका छौं। यसको वातावरण ऐनको व्यवस्था गर्न यो वैधानिक कारण जुन संविधानमा लेखेको कुराहरु त माननीय सदस्यहरुले भाग ३ को मौलिक हक र कर्तव्यको व्यवस्था गर्न बनेको छ संविधानमा त्यसको बुँदाहरुको बारेमा पनि माननीय सदस्यहरुले राखिसक्नु भएको छ  र यसको बैज्ञानिक कारणहरु के छ भने वातावरण सन्तुलन गरी प्रदुषण नियन्त्रण गर्नका लागि यो विधेयक ल्याइएको छ। स्वच्छ पारिस्थितिक प्रणाली कायम राख्नका लागि र जलवायु परिवर्तन र विश्वव्यापी उष्णताको प्रभावलाई न्युनीकरण गर्नका लागि यो विधेयक ल्याईएको छ। यसमा केही कुराहरु माननीय सदस्यहरुले राख्नु भयो। हामीले विधेयक चाहिँ एकदमै धेरै मेहनत गरेर छलफल गरेर ल्याएका छौं र प्रदेश सभामा विधेयक आँउदा खेरि पहिलो कुरा हाम्रो संविधान हुन्छ अनि दोस्रो हाम्रो संघीय ऐनहरु हुन्छन। त्यसपछि अनि हाम्रो प्रदेशको ऐन र स्थानीय तहमा पनि यसको केही अधिकारहरु हामीले यसमा हामीले धेरै छलफल भयो माननीय सदस्यले विशेष गरी हाम्रो माननीय धनन्जय दवाडी ज्युले त धेरै कुराहरु राख्नु भयो माननीय कुमार खड्काले जुन राख्नु भएको छ। यो विधेयकमा चाँहि किन चाँहि भने हिजो ताल प्राधिकरण विधेयकमा त्यो कुरो उठ्यो दण्ड जरिवानाको कुरा यसमा त्यो किन राखिएन भन्नु भयो हाम्रो

ताल प्राधिकरण विधेयकको सन्दर्भमा मैले हिजो कुरो राख्दा खेरि त्यो चाँहि केन्द्रमा छैन हामीले मात्र त्यो ताल प्राधिकरण विधेयक यहाँ वनाएको हुनाले दण्ड जरिवाना हामीले राखेर जान पर्ने रहेछ नियमावली वनाउँदा त्यो कुरा उठ्यो र यसको यो ऐन मात्र हेर्नु भयो भने अपूर्ण जस्तो देखिन सक्छ।पुरा नभए जस्तो लाग्छ तर संघीय ऐन सँगै राखेर हेर्यौं भने सवै संघमा भएका कुरा हामीले यसमा दोहोराएका छैनौं। संघमा भएका कुरा किन राख्न पर्यो त्यो कुरा पनि चल्यो मन्त्रालयमा हामी विधेयक ड्राफ्ट गर्ने वेलामा धेरै छलफल गर्यौं। ति पनि राखौं फेरि कँहा चाहि प्रदेशको ऐन हेर्दा संघीय ऐन खोज्न कहाँ जाने यसैमा राखौं भन्दा खेरी फेरि राख्या भए के हुन्थ्यो भने फेरी सवै संघीय ऐन सारेर ल्यारहेछ भनेर फेरी अर्को प्रश्न उठन सक्थ्यो।त्यो भएर हामीले यसलाइ किन भद्दा बनाउने संघीय ऐनमा भएको कुरा संघीय ऐन राखेर हेर्नु भयो भने माननीय सदस्यहरुले उठाएका कुराहरु महत्वपुर्ण छन। यसमा चाँहि कम अकिएको छैन यो हल्का फुल्का ल्याइएको छैन। यो सानो देख्दा खेरि, थोरै देख्दा खेरि यस्तो पनि विधेयक हुन्छ भनेर न लिइदिनु। संघीय ऐन साथमा राखेर हेरौं र म माननीय सदस्यहरुलाई संघीय ऐन पनि उपलब्ध गराउला माननीय सदस्यहरुले उठाएका आज यो सैद्धान्तिक छलफल हो। यो एकदमै हाम्रो मात्र कुरा होइन हाम्रो मात्रै विषय होइन बातावरण भनेको यो समग्र यो एउटा पृथ्वीसँग जोडिने सवै मानव जाति सँग जोडिने सवै जिवजन्तु सँग जोडिने विषय हो।यो महत्वपुर्ण विषय हो र संघीय ऐनले हामीलाई यसमा अलिकति खुल्ला पनि गरेको छ। अरु जस्तै वन ऐनमा सवै टालो हालेको छ हामीलाइ ऐनमा जानलाई पनि प्रदेशले व्यवस्था गरे अनुसार हुने भनेर कंही ढोका खोलेको छैन त्यै भएर अहिले हामीले धेरै केन्द्र सँग पनि कुरा गरिरहेका छौं। संघीय माननीयहरु सँग पनि यो के गरेको तपाईहरुले प्रदेशमा बन ऐन चाँहिदैन राष्ट्रिय वन प्रदेशको हुने भनेर हामीले त्यसमा पनी छलफल गरेका छौं। यसमा जहाँ नेर ढोका खोल्दिएको छ हामीले त्यसमा मात्र यो कुरा ऐनमा राखेर ल्याएको हो। यो संघीय ऐन हेरौं यसमा केही छैन। हामी चाहीं संसदमा ऐनहरु निर्माण गर्दा खेरि यसमा एक्काईस वटा प्रकृया पार गरेर आउनु पर्दछ।सरकारले ड्राफ्ट गरेर ल्याउँछ। यसमा महत्वपूर्ण इनपुट दिने भनेको माननीय सदस्यहरुले हो।माननीय सदस्यहरुले दिएका राम्रा कुराहरु यसमा राख्नका

लागि फेरी हामीले एउटा प्रकृया गर्ने आफुले जे ल्यायो त्यो पास गर्न पर्छ भन्ने छैन हामी त्यो गर्दैनौं। यसलाइ एकदमै व्यापक जनताको बिचमा पनि जाउँ। यो हाम्रो पर्यटनको हिसाबले, वातावरणको हिसावले, अरु धेरै हिसावले यो एउटा पृथ्वीको सुन्दर स्वर्गको टुक्रा हो भनेर गण्डकी प्रदेशलाइ अरु सवैले स्वीकारेको विषय हो। यसलाइ व्यापक माननीय सदस्यहरुले विधायन समितिमा लाने हतार हतार गर्नुपर्ने केही छैन यो व्यापक  तलसम्म जाऔं। यो एकदमै प्रत्येक जनतासँग छलफल गरौं अरु धेरै कुराहरु यसलाई अझ धेरै राम्रो कति राम्रो गण्डकी प्रदेश सभाले ऐन बनाएछ। हामीले विगतमा वनाएका ऐनमा प्रश्नहरु उठेका छन त्यो जतिसुकै वेलायतको संसदले वनाए पनि उठछन। त्यो समय अनुसार परिमार्जित हुँदै जाने हो ऐन भनेको तर हामीले वनाएको ऐनमा हाम्रो माननीय सदस्यहरुको सक्रिय सहभागिता होस। महत्वपूर्ण विषयका सुझावहरु आयो भने यसलाइ समावेश गरिन्छ शुरुमा आज सैद्धान्तिक विषयमा यो भन्दा धेरै कुरा नराखौं एकदमै धेरै माननीय सदस्यहरुले जुन सकरात्मक कुरा यहाँ उठाउनु भएको छ। ती कुराहरुको पक्षमा नै समर्थन गर्दै फेरी हामी यसलाई छलफल गर्दै, परिमार्जित गर्दै संघीय ऐन र यो ऐन राखेर हेर्नुहोस। यो कुरा छुट्यो यो कुरा राख्दा खेरी अझ राम्रो हुन्छ ऐन भन्ने भयो भने हामी तेल्लई विधान समितिमा पनि छलफल हुन्छ। अझ व्यापक जनताको विचमा लगेर छलफल हुन्छ।छलफल गराएर यो ऐन पास गरेर अगाडी बढनका लागि माननीय सभामुख मार्फत सदनलाइ अनुरोध गर्दै माननीय सदस्यहरुले उठाएका कुराहरु यति नै राख्दै यसमा अझ अरु धेरै छलफल गरौंला। पहिला त संघीय ऐन र यो ऐन हेरौं। अरु यसमा पनि हामीले धेरै राम्रो बनाएर जाँदा खेरी त्यो संघले पनि नदेखेको कुरा प्रदेशले देखेछ भनेर हाम्रै गरिमा बढछ। हाम्रै संसदको गरिमा बढछ।हामीलाई कार्यान्वयनमा जाँदा खेरि प्रभावकारी वनाँउछ।ती कुराहरु संघमा भए पनि राखौं भन्ने भयो भने पनि यो फेरी त्यो नहोस भनेर त्यो कटाएर ल्याएको भएर सानो देख्नु भयो होला माननीय सदस्यहरुले यसमा एकचोटि म संघीय ऐन सँग यो हेर्दा खेरि वातावरण ऐन सँग हेर्दा यो कुरा प्रष्ट हुन्छ। मेरा यी कुराहरु राख्दै मेरा भनाइहरु यहि अन्त्य गर्न चाहान्छु । धन्यवाद ।

**माननीय सभामुख**-माननीय सदस्यहरु, अव यो छलफल यहि समाप्त हुन्छ। माननीय सदस्यहरु अब म माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्साललाई मिति २०७६ साल माघ ५ गते सभामा प्रस्तुत भई सामान्य छलफल समेत भएको वातावरण संरक्षण गर्न वनेको विधेयक दफावार छलफलका लागि विधायन समितिमामा पठाईयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्साल –** माननीय सभामुख महोदय,सम्मानित सभामा मिति २०७६ माघ ५ गते प्रस्तुत भएको र मिति २०७६ माघ ६ गते सभामा विचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफल समेत भएको वातावरण संरक्षण गर्न वनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ को ख बमोजिम दफावर छलफलका लागि विधायन समितिमा पठाईयोस भनी प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद।

**माननीय सभामुख**-माननीय सदस्यहरु, अव उक्त प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस। यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस। हुन्न भन्ने आवाज सुनिएन् तसर्थ वातावरण संरक्षण गर्न वनेको विधेयक दफावार छलफलका लागि विधायन समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु। विधेयकमा संसोधन पेश गर्न चाहानु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम बहत्तर घण्टा भित्र आफूले पेश गर्न चाहेको संसोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ। उक्त विधेयक संसोधनको समयावधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराँउछु। माननीय सदस्यहरु, यो बैठक २०७६ साल माघ ७ गते दिनको १ बजे सम्मका लागि स्थगित हुन्छ।